

अन्तिम प्रहर
पुण्डरी अर्याल

| | | |
|---|---|---|
| कृति | : | अन्तिम प्रहर |
| विधा | : | कविता |
| प्रकाशन वर्ष | : | वि.सं. २०७५ माघ<br>सन् २०१९ जनवरी |
| प्रकाशक | : | सिद्धार्थ साहित्य परिषद्, रूपन्देही |
| प्रति | : | ५०० |
| सर्वाधिकार | : | लेखकमा |
| सेटिङ | : | सिद्धार्थ शाक्य, शाक्य डिजाइनर, मो. ९८४७०३९१२९ |
| आवरण | : | विशाल अर्याल |
| मुद्रण | : | आशिष अफसेट प्रेस, भैरहवा, फोन : ०७१-५२०२७७ |
| मूल्य | : | ने.रू. १५०।-<br>$ 5/- |


# ANTIM PRAHAR

(POEM COLLECTION)

By:

**Pundary Aryal**

# प्रकाशकीय

भाषा साहित्यको विकास गर्ने गराउने उद्देश्यका साथ २०३८ साल आषाढ १ मा स्थापित सिद्धार्थ साहित्य परिषद् यस क्षेत्रको अग्रणी साहित्यिक संस्था हो । यसले यो क्षेत्रको साहित्यिक समृद्धिमा महत्त्वपूर्ण काम गर्दै आएको छ । मूलतः परिषद्ले मासिक साहित्य सङ्गम सञ्चालन, स्रष्टाहरूको जन्म जयन्ती साहित्यिक भेटघाट, कृति विमोचन, स्रष्टा सम्मान तथा पुरस्कार अर्पण, स्रष्टाका सालिक निर्माण, विचार गोष्ठी, महत्त्वपूर्ण कृति प्रकाशनका साथसाथै प्राज्ञिक कार्यहरू सञ्चालन गर्दै आएको छ ।

परिषद् स्वयम्मा प्रकाशन सम्बद्ध संस्था नभए पनि यसले अद्यावधि सिर्जनाका स्वरहरू (२०४५) कवि युद्धप्रसाद मिश्र (२०४७) का साथै परिषद्को वार्षिक मुखपत्र 'पदचिह्न' का चार अङ्कहरू प्रकाशन गरेको छ । प्रकाशित कृतिको सूचिमा पुनः पुण्डरी अर्यालको 'अन्तिम प्रहर' नामक कविता कृति थपिएको छ। प्रस्तुत काव्य कृतिले नेपाली काव्य जगत्मा थप योगदान दिनेछ भन्ने विश्वास लिएका छौं ।

पुण्डरी अर्याल (२०१९) परिषद्का पूर्व सचिव एवं आजीवन सदस्य हुनुहुन्छ। हाल उहाँ अमेरिकामा बस्दै आउनुभएको छ तापनि आफू आबद्ध संस्थाप्रति उहाँको अपार माया र सद्भाव छ । '**कलेजो फेरेको मान्छे**' (२०७१) प्रकाशन गरी आफ्नो साहित्यिक पहिचान बनाइसक्नु भएका अर्यालको दोस्रो कृतिका रूपमा '**अन्तिम प्रहर**' (२०७५) प्रकाशन गर्ने जिम्मा परिषद्लाई प्रदान गर्नुभएको छ। यसका निम्ति परिषद् स्रष्टा अर्यालप्रति हार्दिक आभार प्रकट गर्दछ ।

प्रस्तुत कविता कृतिमा विविध विषय सम्बद्ध मझौला आकारका बत्तीसवटा मुक्तलयमा रचित कविताहरू सङ्कलित छन् । यी कवितामा राष्ट्र, राष्ट्रियता, भ्रष्टाचार, सामाजिक विकृति विसङ्गति, विदेशिनुको पीडा, मातृभूमिको स्नेह, जटिल रोगको आक्रमण पश्चात्का कठिन क्षणहरूलाई विषयवस्तु बनाइएको छ। कविताहरू सरल, सरस हुनुका साथै बोधगम्य समेत छन् । अर्यालका कविता कृतिहरूबाट नेपाली कविताका पाठकहरू लाभान्वित हुने विश्वास एवम् अपेक्षा गर्दै उहाँका कलमबाट अझ गहन र परिष्कृत कृतिहरू लेखिँदै र थपिँदै जाऊन् भन्ने विश्वासका साथ सुस्वास्थ्य र दीर्घ जीवनको हार्दिक शुभकामना सहित बधाई ज्ञापन गर्दछौं ।

२०७५।९।१५ भैरहवा

**डिल्लीराज भट्टराई**
अध्यक्ष
सिद्धार्थ साहित्य परिषद्

*समीक्षात्मक भूमिका*

# अन्तिम प्रहरमा विचरण गर्दा

❑ **बालकृष्ण भट्टराई**

### कवि परिचय

तत्कालीन लुम्बिनी अञ्चल, रूपन्देही जिल्ला, शङ्करनगर गा.वि.स. (हाल तिलोत्तमा नगरपालिका) निवासी ममतामयी माता खिमादेवी अर्याल र श्रद्धेय पिता यज्ञप्रसाद अर्यालका पुत्ररत्नका रूपमा वि.सं. २०१९ साल ज्येष्ठ २९ गते सोमवार यस पृथ्वीमा पर्दापण गरेका पुण्डरीप्रसाद अर्याल वि.सं. २०४४ सालदेखि बर्मेली टोल भैरहवामा स्थायी रूपमा बसोबास गर्दै आएका, ईसवीय सन् २००३ देखि अमेरिकाको न्यूयोर्क सहरमा बसाइ सरेका र सन् २०१८ देखि टेक्सास राज्यको डालस सहरमा बस्दै आएका छन् । वि.सं. २०४० को दशकमा सिद्धार्थनगरमा पत्रकारिता, स्टेशनरी व्यवसाय र साहित्यिक सङ्गठनमा यौवनका स्वर्णिम दिन व्यतीत गरेका कवि अर्यालको कार्यक्षेत्र समाजसेवा र साहित्यसाधना रहेको छ। सिद्धार्थ साहित्य परिषद्को सचिव पदमा कार्यरत रहँदा परिषद्लाई जिल्ला प्रशासन कार्यालय, रूपन्देहीमा पञ्जीकरण गर्न निजले खेलेको भूमिका परिषद्को इतिहासमा अविस्मरणीय घटनाका रूपमा रहेको छ। पछिल्ला दिनहरूमा अमेरिकामा प्रसाद फाउण्डेशन गठन गरी संस्थापक अध्यक्षका रूपमा विभिन्न सामाजिक, साहित्यिक, सांस्कृतिक गतिविधि सञ्चालन गर्दै आएको कुरा निजको व्यक्तिवृत्तबाट अवगत हुन्छ। स्नातक तहसम्मको औपचारिक शिक्षाप्राप्त अर्याल केही वर्ष अघि कलेजो सम्बन्धी गम्भीर रोगबाट आक्रान्त भई मृत्युसँग सङ्घर्ष गरेको र कलेजो प्रत्यारोपण पछि पुनर्जीवन प्राप्त गरेको महसुस गर्दछन्। श्रद्धेय मातापिताको कुलीन र सभ्य संस्कारमा हुर्केका अर्याल शान्त, हँसिला, मृदुभाषी, मिलनसार, गम्भीर तथा सज्जन प्रकृतिका व्यक्ति हुन्। मार्क्सवादी सौन्दर्य शास्त्रबाट अभिप्रेरित प्रगतिशील चिन्तनमा विश्वास राख्ने तथा अन्धविश्वास र कुरीतिका विरुद्ध आवाज उठाउने सामाजिक परिवर्तनका अभियन्ता पनि हुन् कवि अर्याल। जीवनसँगिनी लक्ष्मी अर्यालको साहचर्य, छोरी वन्दना, छोराहरू विपिन, विशाल र बुहारी निशा तथा विनिशाको ममता प्राप्त अर्याल कलेजो फेरे पछिका दिनहरूमा श्रीमद्भगवद् गीताको दर्शन अनुशीलनमा समेत अभ्यस्त भई आफ्नै भाषा र शैलीमा गीताको अनुवाद समेत गर्दै आएका छन्। परोपकार, समाजसेवा र साहित्यसाधना कवि पुण्डरी अर्यालको वर्तमान दैनिकी हो। प्रगतिशील चिन्तन र तदनुकूल जीवन प्रणाली वरण गरी निजले युवावस्था सङ्घर्षै सङ्घर्षमा व्यतीत गरेका छन्। कलेजो प्रत्यारोपण

पछि भने आध्यात्मिक आदर्शप्रति निजको विश्वास बढ्दै गएको पाइन्छ। तथापि विकृति-विसङ्गति मुक्त आदर्श समाज स्थापनाप्रतिको अठोट भने झण्डै छ दशक लामो प्रौढावस्थाको नजिक नजिक पुग्दा पनि उनमा जस्ताको त्यस्तै पाइन्छ।

**साहित्यसाधना**

कवि पुण्डरी अर्यालमा सानै उमेरमा कविता रच्ने, वाचन गर्ने रुचि रहेछ। कक्षा पाँचमा पढ्दा विद्यालयले आयोजना गरेको प्रतियोगितात्मक कवि गोष्ठीमा 'मेरो देश' शीर्षक कविता लेखेर हाउभाउ सहित चिच्याई चिच्याई रचना वाचन गर्दा पनि पुरस्कृत हुनेमा नाउँ नआएपछि उनमा कविताप्रति रुचि घट्दै गएको र लेखन कार्यमा उदासीन बनेको अनुभव निजसँगको कुराकानीबाट अवगत हुन्छ। परन्तु संस्कार कहाँ जान्छ र ? वयस्क भएर भैरहवा बस्न थालेपछि साहित्य परिषद् र अन्य संस्थाहरूबाट आयोजित साहित्यिक कार्यक्रमहरूमा कवितावाचन गर्न अर्याल कहिल्यै पछि परेनन्। तत्कालीन स्थानीय पत्रपत्रिका र 'अणु' नामक गोजिकामा अर्यालका लामा र मसिना कविता तथा लेख प्रकाशित भएका हुन्। अमेरिका बस्न लागेपछि अन्तर्राष्ट्रिय नेपाली साहित्यसमाजका कार्यक्रमहरूमा निरन्तर सहभागी हुने गरेका अर्यालका फुटकर लेखरचना न्यूयोर्कबाट प्रकाशित 'खसोखास', 'विश्वसन्देश', 'लुम्बिनी टाइम्स' आदि पत्रपत्रिकाहरूमा प्रकाशन भएका पाइन्छन्। अद्यापि सामाजिक सञ्जालमा श्रीमद्भगवद्गीताको भावानुवाद निरन्तर रूपमा प्रकाशन भइरहेको पाइन्छ। विद्यार्थी जीवनदेखि नै फुटकर लेखरचना फाट्टफुट्ट लेख्ने प्रकाशन गर्ने गरेको भएपनि पुस्तकाकारमा कृति प्रकाशन गर्न भने कवि अर्याललाई धेरै पछिसम्म नै कुर्नुपऱ्यो।

**कलेजो फेरेको मान्छे**

कवि पुण्डरी अर्यालको सर्वप्रथम पुस्तकाकारमा प्रकाशित कृति 'कलेजो फेरेको मान्छे' (आत्मकथा) हो। वि.सं. २०७१ सालमा विवेक सिर्जनशील प्रकाशन प्रा.लि. काठमाडौँबाट प्रकाशन गरिएको उक्त कृतिमा स्रष्टाका रोमाञ्चक घटनाको प्रस्तुति छ। लुम्बिनी अञ्चलका स्रष्टाहरूबाट वि.सं. २०७१ सालमा वर्षभरि प्रकाशित कृति मध्ये उत्कृष्ट ठहरिएको उक्त कृति वापत् सिद्धार्थ साहित्य परिषद्बाट ताम्रपत्र, दोसल्ला र नगद रू.१०,०००।- (दसहजार)को 'सकला सिद्धार्थ वाङ्मय पुरस्कार'बाट कवि अर्याललाई ससम्मान पुरस्कृत गरिएको थियो। उक्त कृतिको उत्कृष्टताकै कारण अमेरिका स्थित 'एन जे इन्टरनेशनल (इनक)', 'नेपाली समाज टेक्सास' तथा 'हिमाल खबर' समेतबाट कविलाई सम्मान गरिएको कुरा निजको व्यक्तिवृत्त (Biodata) बाट अवगत हुन्छ। समीक्षकहरू प्रा.डा. कपिलदेव लामिछाने, रुद्र ज्ञवाली, होमनाथ सुवेदी, पीपलमणि सिग्देल, ऋषि आजाद, सहप्राध्यापक डिल्लीराज भट्टराई तथा कवि रमेश अर्यालले उक्त 'कलेजो फेरेको मान्छे' को विभिन्न पत्रपत्रिका र पुस्तकमार्फत् प्रशंसा गरेका छन्।

## अन्तिम प्रहर

'अन्तिम प्रहर' कवि अर्यालको दोस्रो पुस्तक हो । न्यूयोर्क बसाइका क्रममा कवि कलेजो सम्बन्धी गम्भीर रोगबाट आक्रान्त हुन्छन् । कोलम्बिया हस्पिटलमा भर्ना गरिन्छन् । उक्त घडीमा जीवन र मृत्युको दोसाँधमा छटपटिइरहँदा आफ्नी जीवन संगिनी लक्ष्मी अर्यालप्रति कृतज्ञताका भाव अक्षरमा रूपान्तरण गर्दा 'यो रात अन्तिम हुनसक्छ' कविता जन्मन्छ । सोही कविताको भाव ध्वनित हुने गरी शब्दान्तरमा 'अन्तिम प्रहर' कृति जन्मेको सहजै अनुमान गर्न सकिन्छ ।

यो कृति 'यो रात अन्तिम हुनसक्छ' शीर्षक कविताबाट प्रारम्भ भएर 'ज्याक्सन हाइट' शीर्षक कवितामा पुगेर टुङ्गिएको छ । यसमा बीसदेखि एकसय तेह्र हरफसम्मका ३३ वटा गद्यकविता समावेश गरिएका छन् । यसमा सङ्कलित कविताहरूमा जीवन र जगत्का विविध विषय र सन्दर्भलाई कविताकै विषय बनाइएको छ । यसमा मृत्युबोधको अनुभूति छ । आमाको महिमाको बखान छ । नववर्षलाई भिन्न रूपमा आमन्त्रण छ । सकारामत्मक परिवर्तनको कामना छ । जातीय विभेदप्रतिको वितृष्णा छ । जीवनको नश्वरताको अनुभूति  छ । डायस्पोरिक जीवनका विवशताको चित्रण र मातृभूमिको सम्झनामा भावविभोर भएको मानसिकताको प्रस्तुति छ । परिवर्तनका नाउँमा मुलुकभित्र भित्रिएका विकृति प्रति चिन्ता व्यक्त गरिएको छ । भ्रष्ट र असक्षम प्रशासनको चर्को विरोध छ । आक्रोश छ । ईश्वरको खोजी आफैभित्र गर्नुपर्ने धारणा  व्यक्ति गरिएको छ । जीवनमा प्रकृतिको प्रभाव देखाइएको छ । विदेशप्रति हुरुक्क हुने युवा शक्ति प्रति चिन्ता व्यक्त गरिएको छ । असल उद्देश्यका निम्ति एक्लै हिड्नुको आदर्श र स्वाभिमानका प्रसङ्गलाई समेत कविताको विषय बनाइएको छ । हुने र नहुनेलाई हेर्ने र गरिने फरक व्यवहार प्रति तीब्र विरोध गरिएको छ । परिवर्तनका निम्ति मृत्युवरणसम्म गर्न तयार मानसिकता देखाइएको छ । समाजमा बढ्दै गएको आपराधिक प्रवृत्तिमाथि रोष प्रकट गरिएको छ । प्रकृति र संस्कृतिले सम्पन्न मातृभूमि नेपालको अस्मिता लुटिएकोमा दुःख व्यक्त गरिएको छ । असल मित्रको स्वभावको वर्णन गरिएको छ । स्वदेशभित्र र स्वदेशबाहिरका कतिपय स्थानको परिचयात्मक प्रस्तुति छ । यसरी स्वदेश र विदेशका विविध दृश्य, परिदृश्य, मानव व्यवहार, आफूले भोगेको यथार्थ, संवेदित मनका धुकधुकी यस सङ्ग्रभित्रका कवितामा समेटिएको देखिन्छ ।

## शीर्षकगत रूपमा 'अन्तिम प्रहर' भित्रका कविताहरू

'अन्तिम प्रहर' कवितासङ्ग्रहभित्र समाविष्ट कविताहरूको सङ्क्षिप्त आशय र भाव निम्नानुसार प्रस्तुत गरिएको छ -

**१) यो रात अन्तिम रात हुनसक्छ**

'अन्तिम प्रहर' कवितासङ्ग्रहको पहिलो कविता हो यो। कृतिको केन्द्रीय भाव झल्कने यस कवितामा स्रष्टा कलेजो सम्बन्धी गम्भीर रोगबाट आक्रान्त भई कलेजो प्रत्यारोपण गर्नुपर्ने परिस्थितिमा प्रत्यारोपणको अघिल्लो रात कोलम्बिया हस्पिटलमा मनमा उब्जेका भावतरङ्ग प्रकट गरिएका छन्। आफ्नी जीवन संगिनी प्रति व्यक्त कृतज्ञताको भाव यसमा समेटिएको छ।

**२) आमा**

आमाको गुण गायन गर्दै मातृवात्सल्यको मार्मिक चित्रण गरिएको यस कवितामा आमाको महिमा देखाइएको छ। आमाको ऋण देखावटी रूपमा तिर्न सकिँदैन भन्ने भाव कति सटीक रूपमा चित्रण गरिएको छ, हेरौँ-

फेसबूकका भित्तामा
तस्विर टाँगेर
कहाँ तिरिन्छ र ? आमाको ऋण
-(आमा)

**३) स्वागत**

यस कवितामा नववर्षारम्भका अवसरमा स्वागत र शुभकामनाका भाव अभिधात्मक रूपमा व्यक्ति गरिएको छ।

**४) नयाँवर्षमा**

छ अनुच्छेदमा संरचित यस कविताका पाँच अनुच्छेदमा देशको दुर्दशाको चित्रण छ। नववर्ष लागेर क्यालेण्डर फेरिए पनि विकृति विसङ्गति र भोकमरी यथावत् रहेको उल्लेख गर्दै अन्तिम अनुच्छेदमा सकारात्मक परिवर्तनका लागि शुभकामना व्यक्त गरिएको छ।

**५) जात कसले बनायो** ?

साँध-सिमाना त जमिनमा पो कोरिन्छ
कसले कोर्‍यो यो मान्छेको सिमाना !
ईश्वरलाई दोष नदेऊ मित्र
ईश्वर जातको कित्ता काट्ने अमिन होइन।
-(जात कसले बनायो ?)

यसरी ईश्वरले जातीय विभाजन गरेको परम्परावादी चिन्तनलाई चिर्दै समतामूलक समाज संरचनामा विश्वास राख्ने कवि अर्यालको प्रगतिशील चेत प्रस्तुत कविताले प्रष्ट पारेको छ।

### ६) सेता पर्दाहरू

जड पदार्थको मानवीकरण गरिएको सुन्दर कविता हो यो। कोलम्बिया हस्पिटलमा रुग्णावस्थामा लडिरहेका कविको मनमा उब्जेका संवेदनाको अभिव्यक्ति हो- 'सेता पर्दाहरू'। कवि भन्छन्-

> मसँग भला कुसारी गर्छन्
> झ्यालका सेता पर्दाहरू।
> -(सेता पर्दाहरू)

### ७) अबेर होला

जीवनको नश्वरताको शाश्वत् सत्यबोध भएको अनुभूति व्यक्त यस कवितामा कविको औपदेशिक विचार व्यक्त गरिएको छ।

### ८) उसलाई वसन्त आएन

यसमा विदेशको प्राकृतिक सौन्दर्य देखेर आफ्नो देशको डाँडाकाँडा, वन पाखामा रक्ताम्मे फुलेका लालीगुराँसको सम्झना गरिएको छ। धनको मृगतृष्णामा डायस्पोरिक जीवन विताइरहेको देशभक्त नेपालीका मनमा उत्पन्न पश्चात्तापका भाव मर्मस्पर्शी रूपमा यसमा प्रकट भएका छन्।

### ९) मेरो प्यारो शङ्करनगर

शङ्करनगर कविको जन्मस्थान हो। आफ्नो जन्मस्थानको सम्झनामा व्यथित मनका धुकधुकी यसमा प्रस्तुत भएका छन्। स्थानीय परिवेशको परिचयात्मक चित्रण गरिएको यस कवितामा एकातिर विकासले ल्याएका परिवर्तनको झलक देखाइएको छ भने अर्कोतिर परिवर्तनका कारण स्थानीय सामाजिक, आर्थिक, सांस्कृतिक तथा मानवीय मूल्यहरूमा आएको ह्रास र विलुप्त हुँदै गइरहेको प्राकृतिक जीवनशैली प्रति चिन्ता जाहेर गरिएको छ।

### १०) अन्तहीन यात्रा

सत्ता र शक्तिको आडमा अनाचारमा हुम्मिने शासकीय प्रवृत्ति प्रति आक्रोश पोखिएको छ यस कवितामा।

### ११) घमण्ड छोडेर विद्याको

उपदेशात्मक रूपमा रचिएको यस कवितामा मान्छेभित्र रहेको अहितकारी अहम्को विरोध गरिएको छ। अन्तर्मुखी भएर चरित्रमा सुधार गरे धर्ती नै स्वर्ग हुनेछ भन्ने कविको अठोट छ।

**१२) जिन्दगी लयबद्ध बनोस्**

सम्पूर्ण चराचर जगत् सङ्गीतमय छ भन्ने यस कविताको सार हो ।

**१३) प्रेमगीत**

रागात्मक चिन्तन र प्रणयभाव प्रस्फुटन भएको शृङ्गारिक कविता हो यो ।

**१४) देवता**

ईश्वरलाई भाकी नकारात्मक काममा प्रवृत्त हुन खोज्ने आजका मान्छेको स्वभाव दर्शाइएको यस कवितामा स्वार्थी मनोवृत्तिको चित्रण गरिएको छ ।

**१५) युवा**

यस कवितामा भ्रष्टाचार र फट्याँइका विरुद्ध उठ्न युवाहरूलाई हुटहुटी दिइएको छ। यसमा कविको विद्रोही स्वर मुखरित भएको छ। कर्तव्यहीन भ्रष्ट नेतृत्वलाई कसरी नङ्ग्याएका छन् कविले, हेरौँ-

युवाको बलिदानबाट
प्रजातन्त्र आउँछ
गणतन्त्र आउँछ,
मुखुण्डो बदल्छन् ब्वाँसाहरू
नव अवतार लिन्छन् परिवर्तन सँगै ।
..................................
हे युवा !
सचेत हुनुपर्छ अब
तिम्रो पाखुरीको जोश र बल
कुनै नेताको जिमिदारी नबनोस् ।
.................................
अब यो देशका ठेकेदारसँग
एक एक हिसाब किताब माग्नुपर्छ ।
..................................-(युवा)

**१६) समय**

समयको परिवर्तनशीलताको स्वाभाविक वर्णन गरिएको यस कवितामा समयको सदुपयोग गर्नुपर्ने सन्देश प्रवाह भएको छ ।

**१७) मेरो देश नेपाल**

विदेशीको कलेजो प्रत्यारोपण गरेपनि मातृभूमिको ममतामा कुनै कमी नआएको निजात्मक अनुभूतिमा केन्द्रित यस कवितामा प्राकृतिक वैभवले सम्पन्न मुलुकको

बासिन्दा भएर पनि प्रशासनिक यन्त्र भ्रष्ट बनेकै कारण प्राकृतिक स्रोतको सदुपयोग गर्न नसकी रोजगारीका निम्ति विदेशिनु परेको तीतो यथार्थ यसमा पोखिएको छ।

### १८) एक्लै एक्लै

बङ्गाली कवि रवीन्द्रनाथ ठाकुर (टैगोर) को 'एकला चलो रे !' शीर्षक कविता

यदि तोर डाक सुने
केउ न आसे
तवे एकला चलो रे ! एकला चलो रे !

(भावार्थ- यदि तिम्रो आवाज सुन्ने कोही हुँदैन भने तिमी एक्लै हिँड ! एक्लै हिँड)

रवीन्द्रनाथको उक्त कवितांशको भाव झल्किने यस कवितामा विवेकशून्य स्वार्थीहरू, जसले आफ्नो स्वार्थमा देशको अस्मितामाथि खेलवाड गर्छन्, सही कुरा गर्नेलाई एक्ल्याउँछन्, तिनीहरूको पछि लाग्नुभन्दा राष्ट्र, राष्ट्रियता र राष्ट्रिय संस्कृति संरक्षणका निम्ति एक्लै एक्लै हिँड्नु उत्तम हो भन्ने कविको ठहर छ।

### १९) म जे छु

यस कवितामा स्वाभिमानपूर्वक बाँच्ने अठोट् व्यक्त गरिएको छ।

### २०) एजेन्ट उर्फ दलाल

नेपाली र विदेशी दलाल (एजेन्ट) हरूको तुलनात्मक चित्रण गरिएको छ यस कवितामा।

### २१) गोधूलीसँग

रातपछि दिन आउँछ भन्ने प्रकृतिको शाश्वत् नियममा विश्वास राखी परिवर्तनप्रति ढुक्क हुन र मनबाट संशय हटाउन उत्प्रेरणा दिइएको यस कवितामा उपदेशात्मक भावना मुखरित भएको छ।

### २२) हेर्ने नजर

पैसाको भरमा मान्छेको मूल्य मापन गर्ने मानवीय प्रवृत्ति र सङ्कीर्ण मानसिकताको चित्रण गरिएको कविता हो यो।

### २३) तिहारमा

नेपाली पर्व तिहारको चिनारी दिइएको यस कवितामा विदेशमा बस्ने नेपालीको मनोभाव मर्मस्पर्शी रूपमा प्रस्तुत गरिएको छ।

**२४) हावा सँगै**

समाजमा विकृति बढारेर र मान्छेले रचेका भ्रमका पर्खाल भत्काएर जीवनका सपना साकार पार्न हावालाई आह्वान गरिएको यस कवितामा कवि अर्यालको परिवर्तनकामी चेतको झल्को पाइन्छ।

**२५) रात परेपछि**

अँध्यारोमा अपराध गर्ने र मानवीय संवेदनाका विरुद्ध अनैतिक आचरण गर्ने अपराधी मनोवृत्ति निरस्त गर्न कविको कलम जुर्मुराएको  यस कविताबाट पुष्टि हुन्छ।

**२६) आखिर सपना त रहेछ**

जीवनलाई सपनाका रूपमा चित्रण गरिएको छ यस कवितामा।

**२७) आँसु**

विप्रलम्भ  शृङ्गार झल्किने यस कवितामा प्रियतमको स्मृतिमा रसाएका आँखाको वर्णन छ।

**२८) प्रेमले प्रेमलाई बढाउँछ**

वाक्यात्मक शीर्षक भएको यस कवितामा प्रेमको महिमागान गरिएको छ।

**२९) नेपाल आमा**

मातृभूमि नेपालको महिमागान गरी प्रारम्भ गरिएको यस कवितामा विभाजनका रेखा कोरी विखण्डनको तर्सो दिने खराब सन्ततिको निन्दा गरिएको छ। प्रकृतिको दुरूपयोग गरिएको कुराप्रति इङ्गित गर्दै वग्धाराको सुन्दर संयोजन गरी वर्तमानको वास्तविकता सजीव ढङ्गबाट झल्काइएको छ यस कवितामा-

प्रकृतिले बनाएको
मान्छेले बिगारिरहेछन्
बाँदरका हातको नरिवल जस्तै भएको छ देश
-(नेपाल आमा)

**३०) बा भन्नुहुन्थ्यो**

यस कवितामा आफ्नै पारिवारिक पृष्ठभूमिमा आफ्ना पितालाई प्रतीक बनाएर कविले सकारात्मक चिन्तनप्रति अभिमुख हुन उपदेशात्मक शैलीमा आफ्ना भावना प्रकट गरेका छन्।

**३१) म र मेरो भैरहवा**

'मेरो प्यारो शङ्करनगर' जस्तै स्थानीय परिवेशको चित्रण गरिएको छ यस कवितामा।

विगत र वर्तमानको भैरहवाको स्वरूप एवं संरचनामा देखिएको परिवर्तन र भैरहवासँगको आत्मीय सम्बन्धको सुन्दर चित्रण गरेका छन् कविले यस कवितामा।

**३२) मेरो एउटा साथी**

असल मित्रको बयान छ यसमा।

**३३) ज्याक्सन हाइट**

अमेरिका स्थित न्यूयोर्क सहरको केन्द्रभागमा रहेको 'ज्याक्सन हाइट' भन्ने ठाउँलाई आधार बनाएर मानवीय संवेदनामा आएको ह्रासलाई मनछुने किसिमबाट दर्साइएको छ यस कवितामा।

यसरी कवि पुण्डरी अर्यालले पारिवारिक संस्कार, समकालीन समाजसँगको सान्निध्य र सम्पर्क, देश देशावरको भ्रमण, अवलोकन, नेपाली प्रकृति र संस्कृति तथा वैयक्तिक अध्ययन समेतबाट आर्जित ज्ञान र अनुभवका आधारमा आभ्यासिक कविका रूपमा आफ्नो साहित्यसाधनालाई अघि बढाइएको देखिन्छ। 'अन्तिम प्रहर' कवि अर्यालको भावुकता र प्रगतिशील चिन्तनबाट जन्मेको कृति हो। यसमा जीवनका बाध्यता, डायस्पोरिक जीवनका कटु अनुभव, विकृति-विसङ्गति र विभेदको जञ्जालमा फसेको आफू जन्मेको देशलाई उन्मुक्ति दिन र समतामूलक समाज निर्माण गर्ने प्रयोजनका निम्ति सन् २०१५ देखि २०१८ सम्म रचिएका कविता समावेश गरिएका छन्। वैचारिक दृष्टिले अधिकांश कवितामा प्रगतिशील चिन्तन भेट्टाइन्छ भने केही कवितामा आध्यात्मिक दर्शनको झल्को पाइन्छ। अति थोरै कविताहरूमा शृङ्गारिक छनक देखिन्छ। अधिकांश कविता अभिधामूलक शैलीका छन्। कविता गद्यात्मक छन्। भाषा बोधगम्य छ। ठाउँ-ठाउँमा जीवन जगत्का विभिन्न क्षेत्र र प्रकृतिबाट बिम्व चयन गरिएको छ। कतिपय कवितामा उखान टुक्का र नेपाली समाजले पचाइसकेका हिन्दी, ऊर्दू र अङ्ग्रेजी लवज भेट्टाइन्छ।

समग्रमा सार रूपमा भन्नुपर्दा सामाजिक रूपान्तरण तथा 'सत्यम् शिवम् सुन्दरम्'ले पूर्ण सुखी जीवनको परिकल्पना कवि पुण्डरी अर्यालको कविताको अभीष्ट देखिन्छ।

भविष्यमा कविको कलम अझ तिखारिँदै जाओस् र नेपाली साहित्यमा अझ परिष्कृत र स्तरीय कृति थपिँदै जाऊन्। हार्दिक शुभकामना।

❖❖❖

❑ लेखनाथ जयन्ती
पौष १५, २०७५
आवारोड, भैरहवा।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज
International Nepali Literary Society


1727 Horner Road, Woodbridge, VA 22191, USA, Ph: (703) 491-1014, info@inls.org



**INLS, Central Executives (2016-2018)**

President
**Padam Bishwokarma, USA**
president@inls.org

Sr. Vice-President
Radheshyam Lekali, Nepal
rlekali15@yahoo.com

Regional Vice-Presidents

*Europe:*
Dr. Rupak Shrestha, UK
rupakshrestha@hotmail.co.uk
*Asia:*
Prakash Paudel (Maila), Japan
poudelprakash575@hotmail.com

*Oceania - Africa:*
Bhimsen Sapkota, Australia
bhimsensap@hotmail.com

*North / Latin America:*
**Prakash Nepal, USA**
prakashnepal7@yahoo.com

Gen. Secretary
Gobardhan Pooja, USA
gpooja1970@gmail.com

Secretary
Ganesh Ghimire, Australia
gkghimire@gmail.com

Treasurer
Shantiram Dhakal, USA
srdhakal@gmail.com

Members

Bikas Bista, USa
bikashbista2000@yahoo.com

Maheshwar Panta, USA
maheshwarpant@gmail.com

Sandhya Pahadi, Nepal
sanpahari@hotmail.com

Editor In-Chief
Chhbiram Silwal, Nepal


मितिः जुन ११, २०१८

## 'अन्तिम प्रहर'लाई शुभकामना

मेरा अनन्य मित्र कवि तथा साहित्यकार पुण्डरी अर्यालको दोस्रो कृति 'अन्तिम प्रहर' प्रकाशन हुन लाग्दै गर्दा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजकातर्फबाट मलाई शुभकामना लेख्ने अवसर प्रदान गर्नु भएकोले उहाँप्रति आभारी छु। लेखक मित्र पुण्डरी अर्याललाई कृति लेखनका लागि हार्दिक बधाई ज्ञापन गर्दै अन्तिम प्रहरको पूर्ण सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

पुण्डरी अर्यालको यस अघि प्रकाशित आत्मकथा "कलेजो फेरेको मान्छे" यथार्थ घटनामा लेखिएको चर्चित आत्मकथा हो। जुन लेखकको पुनर्जन्मपछि लेखिएको कृति हो भने प्रस्तुत कविता सङ्ग्रह मृत्यु पूर्वको अन्तिम प्रहरको अनुभूति हो। जसरी कलेजो फेरेको मान्छे पढ्दै गर्दा पाठकलाई भाव विह्वल बनाउँछ, त्यसैगरि अन्तिम प्रहर कविता सङ्ग्रहले पनि पाठकको मन विचलित बनाउन सक्छ। हामी डायोस्पोरिक मान्छे, हामीलाई आफ्नो देश, जन्मभूमि र पाखा पखेरा सदैव प्यारा लाग्छन्। ती हरिया डाँडाकाँडा सधैसधै आँखा वरिपरि झुम्मिन्छन्। पुण्डरी अर्यालका शङ्करनगर, जात कसले बनायो, उसलाई बसन्त आएन, अन्तहीन यात्रा, एक्लैएक्लैजस्ता कवितामा यस्तै यस्तै मानवीय संवेदनाका भावहरू समेटिएका छन्। पुण्डरी अर्यालका उत्तरार्धका दिनहरू मृत्यु पश्चात्का कठिन यात्रामा हिँड्दै गर्दाका भोगाई, आत्मकथा र पीडाका भावनाहरू हुन्, जुन धेरैका जीवनसँग मेल खान सक्छन्।

अन्तमा मेरा परम् मित्र पुण्डरी अर्याल जसले कलेजो प्रत्यारोपण पश्चात् पुनर्जन्म पाउनु भएको छ, उहाँको सुस्वास्थ्य र दीर्घ जीवनको कामना गर्दछु। साथै यो कविता सङ्ग्रहको लोकप्रियता र उहाँको लेखन यात्राको निरन्तरताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

सधन्यवाद
**पदम विश्वकर्मा**
अध्यक्ष,
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज

# प्राक्कथन

म पुस्तक प्रेमी मान्छे। साहित्यमा रमाउने मान्छे। अरुका कृति पढ्दै गर्दा आफ्ना मनका कुरा लेख्ने हौसला मिल्यो र सिर्जना भए केही थान कविता। विभिन्न कालखण्डमा लेखिएका यी मनोभावहरूलाई जिलाउँदा जिलाउँदै तयार हुन पुग्यो यो कवितासङ्ग्रह।

जीवन भन्नु भोगाइहरूको दस्तावेज रहेछ। जीवन भोगाइका क्रम जे भोगियो जे देखियो त्यसलाई शब्दमा उतार्ने सानो प्रयास मात्रै गरेको हुँ मैले। सुख र समृद्धिको खोजमा विरानो मुलुकमा पुगेको मैले जुन असजिला पलहरु व्यतीत गर्नु पऱ्यो त्यो कहाली लाग्दो समयको स्मरणले बारम्बार पछ्याइरहन्छ। बिर्सन चाहेर पनि विर्सन नसकिदो रहेछ केही हतासा र कहाली लाग्दा क्षण। बेलाकुबेला चस्सचस्स दुखिरहन्छ भयावह अतीत। जीवनका यिनै व्यग्रताहरुलाई कागजमा उतार्ने क्रममा तयार भएका मनोभावनाहरुलाई केही वर्ष पहिले "**कलेजो फेरेको मान्छे**" मार्फत सार्वजनिक गरेको थिएँ। त्यस कृतिलाई पाठकहरुले प्रदान गर्नु भएको माया र स्नेहले मलाई कलम चलाउन प्रेरित गऱ्यो र तयार भयो यो कवितासंग्रह।

सुखदुख भन्नु मनको कुरा रहेछ। प्रवासको यो बसाइमा मानवेतर भौतिक सुविधाहरुको जतिसुकै उपलब्धता भए पनि आफ्नै माटोको सवास जति मिठो सुवास केही पनि हुँदो रहेनछ। यो प्रवासमा यतिवेला जे आफूसँग छ त्यो पनि आफ्नो लाग्दो रहेनछ। तन यहाँ हुन्छ। मन भने भुरुर्र उडेर पुग्छ उहीँ आफ्नो मातृभूमितिर। नेपालबाट आएको पुस्ताले प्रवासमा रहेर पनि नेपाली भाषा संस्कृतिको जगेर्नामा भरथेग गरिरहेका छन्। तर यहाँका दोस्रो पुस्ता यस विषयमा संवेदनशील छैन। यहाँको भाषा र संस्कारका कारण उनीहरुको परिचय गुम्ने खतरा छ। यहाँ मात्र किन हाम्रै देशमा अँग्रेजी शिक्षालाई प्रवर्धन गर्न खोलिएका शैक्षिक संस्थाहरुले समेत आफ्नै भाषालाई दोस्रो दर्जामा राखेका छन्। अँग्रेजी भाषा मात्रै सभ्यता र प्रगतिको वाहक ठान्ने यो मानसिकताले अन्ततः देशलाई नै कमजोर बनाउँछ। जापान

र चिनियाहरुले आफ्नै मातृभाषाका माध्यमले विश्व बजारमा आफ्नो पहिचानलाई समृद्ध तुल्याइरहेका छन्। जवसम्म हामी आफ्नो भाषा, कला, साहित्य र संस्कृतिप्रति गर्ववोध गर्न सक्दैनौं , समृद्धि एकादेशको कथा बाहेक केही हुन सक्दैन। यस्तै विकृति र विसङ्गतिका कारण कहिलेकाहीं प्रवासी मन दुख्छ र दुख्छ देश पनि।

जीवनको उत्तरार्धमा मात्र कलम चलाउने प्रयास गरेको छु मैले। म सानो छँदा लयवद्ध छन्दमा लेखिएका कविता मात्रै कविता हो जस्तो लाग्थ्यो। तर होइन रहेछ। मुक्त छन्दमा पनि कविता हुँदो रहेछ। वेजोड भाव शिल्प र शैलीको संयोजनले मात्रै कविता कविता जस्तो हुँदो रहेछ। यसै मान्यतामा आधारित रहेर कविता कोर्ने जमर्को गरें। मेरो यो पहिलो प्रयास हो। कविता कविता जस्ता भए भएनन्, विज्ञ पाठकहरुले छुट्टयाउने कुरा हो। जे जस्ता भए पनि आफ्ना सिर्जना अत्यन्तै प्रिय हुँदा रहेछन्। त्यसैले संग्रहलाई जन्म दिने अठोट गरें।

यो कवितासंग्रहको प्रसव कालमा थुप्रै शुभचिन्तकहरुको शुभाषीश प्राप्त भएको छ। आदरणीय साहित्यकार बालकृष्ण भट्टराइको भूमिकारुपी आशीर्वचनबाट म कृत्यकृत्य छु। प्रकाशकीय मन्तव्यका लागि सिद्धार्थ साहित्य परिषद्का अध्यक्ष डिल्लीराज भट्टराईप्रति अनुगृहित छु। मेरा भोगाइका शब्दचित्रहरुलाई प्रकाशन गर्न साहित्यकार दाजु रुद्र ज्ञवालीबाट प्रेरणा र हौसला पाएको छु। यसका लागि उहाँप्रति आभारी छु। यो कवितासंग्रह प्रकाशनको तयारीका क्रममा अनेसासका तत्कालीन अध्यक्षबाट पदम विश्वकर्माबाट प्राप्त प्रोत्साहन र शुभकामनाप्रति कृतज्ञ छु। मेरो साधनामा सधै सहयोग गर्ने मेरा परिवारजन, आफन्त, शुभचिन्तक र प्रकाशनको जिम्मा लिने सिद्धार्थ साहित्य परिषद्प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

-पुण्डरी अर्याल

# कविता क्रम


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | यो रात अन्तिम रात हुन सक्छ | १ |
| २. | आमा | ५ |
| ३. | स्वागत | ७ |
| ४. | नयाँ वर्षमा | ८ |
| ५. | जात कसले बनायो | १० |
| ६. | सेता पर्दाहरू | १३ |
| ७. | अबेर होला | १५ |
| ८. | उसलाई बसन्त आएन | १७ |
| ९. | मेरो प्यारो शङ्करनगर | १९ |
| १०. | अन्तहीन यात्रा | २३ |
| ११. | घमण्ड छोडेर विद्याको | २५ |
| १२. | जिन्दगी लयबद्ध बनोस | २६ |
| १३. | प्रेम गीत | २८ |
| १४. | देवता | ३० |
| १५. | युवा | ३२ |
| १६. | समय | ३५ |
| १७. | मेरो देश नेपाल | ३७ |
| १८. | एक्लै एक्लै | ३९ |
| १९. | म जे छु | ४१ |
| २०. | एजेन्ट उर्फ दलाल | ४२ |
| २१. | गोधुलिसँग | ४४ |
| २२. | हेर्ने नजर | ४५ |
| २३. | तिहारमा | ४७ |
| २४. | हावासँगै | ४९ |
| २५. | रात परेपछि | ५१ |
| २६. | आखिर सपना त रहेछ | ५३ |
| २७. | आँसु | ५४ |
| २८. | प्रेमले प्रेमलाई बढाउँछ | ५६ |
| २९. | नेपाल आमा | ५७ |
| ३०. | बा भन्नु हुन्थ्यो | ६१ |
| ३१. | म र मेरो भैरहवा | ६३ |
| ३२. | मेरो एउटा साथी | ६७ |
| ३३. | ज्याक्सनहाइट | ६९ |

# यो रात अन्तिम रात हुन सक्छ

टिलपिल टिलपिल
आकाशका ताराहरूजस्तै
यी गहहरू रोइरहेको बेला
अलि नजिक आउ न प्रिय
मेरो हात समाऊ
मलाई सुम्सुम्याऊ
भोलिको के भरोसा
समयले कोल्टे फेरिसकेको हुनसक्छ
यो रात जिन्दगीको
अन्तिम रात पनि हुनसक्छ ।

सँगै लड्यौं अभावहरूसँग
जुध्यौं विषमतासँग
सँगै सह्यौं घामपानी
भोग्यौं जिन्दगीको आँधीवेरी
चढयौं र झऱ्यौं उकाली ओराली
मायाको धरातलमा टेकेर
जित्यौं अभावहरूलाई
पराजित गऱ्यौं समस्याहरूलाई ।

तर बिडम्बना
यसरी गाँज्यो कि यो रोगले
बाँच्नु सारै कठिन भो
बोझ जिन्दगीको थेग्नै गाह्रो भो
अट्टहास गरिहन्छ मृत्यु पलपल
जीवन र मृत्युको दोसाँधमा

जिन्दगी छट्पटाइरहेको यो बेला
अलि नजिक आऊ न प्रिये
धीत मरुञ्जेल हेर्न देऊ
यो सामिप्य फेरि नहुन पनि सक्छ
के थाहा ,
यो रात अन्तिम पनि हुन सक्छ ।

मेरो रोगसँग सँगसँगै पिल्सियौ प्रिये
मेरा पीडाहरूसँग सँगैसँगै दुख्यौ प्रिये
मेरो जीवनको भीक माग्दै
सबै मठ मन्दिर चहार्‍यौ

सबै देवी देवतालाई भाक्यौ
पूजा र आराधना गर्‍यौ
कैयौं रात जागा बितायौ
मेरो  जीवनको  याचना गर्दै ।

तिम्रै पूजा र आराधनाको प्रतिफल
पट्यार लाग्दो प्रतीक्षापछि
अस्पतालको बेडमा छु म
कतै धिपधिप बलिरहेछ आशाको ज्योति
वर्षौंदेखि यसै दिनको प्रतीक्षामा थियौं हामी
हो त्यो दिन आएको छ
थाहा छैन के दिन्छ निर्णय यो समयले
जिन्दगी अथवा मृत्यु
त्यसैले मेरी प्रिये
आउ अझै नजिक आऊ
यो निकटता अन्तिम हुन सक्छ
यो रात अन्तिम पनि हुन सक्छ ।

यतिञ्जेल
मृत्युको सन्त्रास त बाँचिरहेको थिएँ म
सन्तप्त सन्त्रास बाँचिरहेकी थियौ तिमी
थाहा छैन कुन मोड लिन्छ यो जिन्दगीले
आज डुबेको घाम
फेरि उदाउँछ उदाउन्न
यी जूनतारा यसैगरी चम्कन्छन् चम्कन्न
तिम्रो तपस्या सफल भए
मेरो लागि उदाउने छ भोलिको बिहान
शल्यक्रिया असफल भए अन्तिम हुनेछ यो रात
आऊ न प्रिये
मेरो अलि नजिक आऊ
मेरा यी हात समाउ,
यो पल अन्तिम पनि हुन सक्छ
यो रात अन्तिम पनि हुन सक्छ।

केही  गुनासो छैन तिमीसँग
केही  शिकायत छैन तिमीसँग
हुने कुरा अवश्य हुनेछ
जे गर्नेछ समयले गर्नेछ
परिणाम जे भए पनि
मुक्ति पाउनेछु मैले यो यन्त्रणाबाट
त्यो मुक्ति प्रिये अप्रिय जेपनि हुनसक्छ
अलि नजिक आउ न प्रिये
यो रात अन्तिम पनि हुनसक्छ।

केही क्षणमा लैजानेछन् मलाई
अपरेसन थिएटरमा
हुनेछ मेरो जिन्दगीको फैसला

जीवन दिएछ भने विज्ञानले
सँगै बाँचौंला जीवनका केही  पल
मायाले रङाउँला यो संसार
नत्र भने प्रिये
यो साथ अन्तिम हुनसक्छ
यो रात अन्तिम हुनसक्छ।

**(कलेजो प्रत्यारोपण गरेको अघिल्लो रातको व्यक्तिगत अनुभूति )**

# आमा

तिमी भएर नै त म हु सकें
तिमी  भएर नै यो संसार देख्न सकें
तिमी जीवनकी आधारशीला
सहस्रधारा दुध चुसाएर बचाएकी मेरी आमा
खाइ नखाई मेरो भोक मेटाइदिने मेरी आमा
मेरालागि खुन पसिना बगाउने मेरी आमा
दुख कष्ट सहेर सुख जुटाइदिने मेरी आमा ।

तिम्रै हात समाएर ताते ताते गर्न सिकें
उकाली ओराली जङ्घारहरू तर्न सिकें
मेरो पहिलो वर्णमाला आमा तिमी
तिमीले सिकाएको बोली त बोल्छु  आमा
तिमी नै मेरो पहिलो पाठशाला
अक्षर चिनाउने र स्कुल पठाउने मेरी आमा
छोराको तोते बोलीमा रमाउने  मेरी आमा
ठेस लागेर लड्दा समाल्ने मेरी आमा ।

तिमीले बोलेको भाषा हो मेरो मातृ भाषा
तिमीले सिकाएका बाणी हो मेरो व्याकरण
आमा नभएको भए कसरी हुन्थ्यो यो
आमा विना मेरो अस्तित्व कहाँ थियो
तिमीले सिर्जना गर्‍यौ र म छु
तिमीले प्राण भर्‍यौ र त म छु

तिम्रै रगत बग्छन् मेरा यी रक्तनलीमा
तिम्रै स्नेह गुञ्जन्छन् ढुक्ढुकीहरूमा ।
मेरो विधाता पनि तिमी हौ आमा
मेरो भगवान् पनि तिमी हौ आमा
मेरो सफलताको रहस्य तिमी हौ आमा
तिम्रो ममता नै मेरो शक्ति हो
तिम्रो रचना नै मेरो भक्ति हो
तिम्रो वात्सल्य नै मेरो प्रेरणा हो ।

फेसबुकका भित्तामा
तस्विर टाँगेर
कहाँ तिरिन्छ र आमाको ऋण
म गर्न सक्दिन आमाको विज्ञापन
आँखामा सजाएको छु आमाको तस्विर
मुटुमा सजाएको छु आमाको मूर्ति
आमा मेरो देवता
आमा मेरो पूजा ।

❖❖

०५।०६।२०१६

# स्वागत

सिर्जनामा रमाउँदै
साधनामा लिन हुँदै
मनमा उमङ्ग र उत्साह भर्दै
राग द्वेष र इर्ष्या भुल्दै
सबैको शुभ मात्र चिताउँदै
नववर्ष,
तिमीलाई मेरो स्वागत छ।

सिक्रा बोटमा पालुवा पलाउन्
जीर्ण भग्नावशेषमा महल ठडिऊन्
मन हिमाल जस्तै उज्यालियोस्
मनको मैलो सबै पखालियोस्
विगतलाई सम्मान छ
आगतलाई स्वागत छ
नववर्ष,
तिमीलाई मेरो स्वागत छ।
नव वर्ष सबैको लागि घाम बनोस्
सिर्जनामा रमाउने याम बनोस्
नाङ्गो आङको नाना बनोस्
भोको पेटमा पापा बनोस्
सद्भाव होस् चारैतिर मेलमिलाप होस्
मान्छेमा प्रेम र अनुराग बढोस्
सबैमा मेरो कामना छ
नववर्ष,
तिमीलाई मेरो स्वागत छ।

❖❖

०४।०८।२०१७

# नयाँ बर्षमा

बिनासित्ती बितेर गयो यो साल पनि
क्यालेण्डरका पानाहरूजस्तै
पल्टिदै गए जिन्दगीका पानाहरू
दिशाहीन मानसिकता
कहिले जन्म कुण्डलीमा
कहिले हस्तरेखाका विश्लेषणमा
त्यसै बितेर गयो समय ।

फगत आशा  र भरोसामा
यसैगरी कयौं साल बिते
अव आउने प्रत्येक नयाँ बर्षले
साथ दिने छ भन्ने भ्रममा
प्रत्येक वर्ष
नयाँ क्यालेन्डर फेर्ने काम मात्रै भयो
समयसँग गुनासो मात्रै रह्यो
विना लक्ष्य र गन्तव्य
के गर्न सक्थ्यो र समयले
उमेरमा बुढो बनाउने बाहेक
केही  गर्नै सकेन
यो वर्ष पनि यत्तिकै गयो ।

पखेटा हालेर फटफटायो समय
वेतुकका घोषणा मात्रै सुनायो राजनीतिले
अध्यागमनमा लाम लाग्न छोडेनन्
देशका जनशक्ति
यो साल पनि
कफिनभित्र मृत देश पठाइरह्यो खाडीले
चित्कार रोकिएन चेलीको कोठीहरूमा
लुटियो देशको सौभाग्य
भ्रष्टाचार उग्राउँदै राजनीतिले
चपाइरह्यो देशको भविष्य ।

आए पनि देशमा संविधान
आउने छैन
सुदूर गाउँको धारामा पानी
हट्ने छैन यो साल पनि लोडसेडिङ
सिटामोलको अभावमा
मरिरहनेछन् दुर्गम वस्ती
घाटामा जानेछन् उद्योग धन्दा
मौलाउने छ बेरोजगारी

रोकिने छैन यो साल पनि
बन्द हड्ताल ।

गन्तब्य र लक्ष्य बिनाका
मनोरोगीहरू शासक रहँदासम्म
जनताको जीबनमा
हुन सक्दैन कुनै परिवर्तन
भाषण र आश्वासनले भरिने छैन खाली पेट
यो सालमा पनि रोल्पा रुकुममा
खाद्यान्न त परै जाओस्
पुग्ने छैन जीवनजल र सिटामोल ।

कामना गरौं यो नयाँ वर्षमा
अँध्यारा झुपडीमा घाम लागोस्
घरवारविहीनले छानो पाओस्
भोको पेटलाई भोजन मिलोस्
नाङ्गो तनले जडाउरी पाओस्
सुख शान्ति समृद्धि छाओस्
विरामीलाई ओखती मिलोस्
नेपाली स्वाभिमान कतै नझुकोस्
राष्ट्रियता कतै नचुकोस्
देशको शिर उँचो रहोस् ।

❖❖

०४।१३।२०१५

# जात कसले बनायो

ईश्वरले त महाशय
जगत् बनायो
जगत्लाई जीवन दियो
प्राणी बनायो
वनस्पति बनायो
न जात बनायो न वर्ण बनायो
ईश्वरले फगत मान्छे बनायो ।

जब अप्रेसन कोठामा हुन्छ मान्छे
रोगले रगत माग्छ
जात सोध्दैन
आवश्यक पर्दा चिकित्सकले
रगत जातको हैन ग्रुपको खोज्छ
रगतले जात खोज्दैन
ईश्वरले जात चिन्दैन ।

विदेश जान लाइन लाग्दा अध्यागनमा
अधिकारीहरू पासपोर्ट माग्छन्
पासपोर्ट जातको होइन
देशको चाहिन्छ
साँध सिमाना त जमिनमा पो कोरिन्छ
कसले कोर्‍यो यो मान्छेको सिमाना
ईश्वरलाई दोष नदेऊ मित्र
ईश्वर जातको कित्ता काट्ने अमिन होइन ।
शास्त्र भन्छ
महादेवको जात थिएन
गोत्र थिएन

भन ए जातका उपासकहरू
कस्ले बनायो यो जात
कसले रोप्यो जातीय विभेदको विषवृक्ष
सत्ताले
शासकले
शोषकले
या पाखण्डले ।

ईश्वरले बनाउँदा मान्छे बनाए
फरक फरक अनुहार बनाए
के फरक छ थेप्चे र चुच्चेको रगतमा
प्रकृतिको रचनामा
कोही काला बने कोही गोरा
के फरक छ काला र गोराको रगतमा

कलेजो फेरेको म मान्छे
कुन जातको कलेजो फेरें थाहा छैन
यत्ति थाहा छ
त्यो कलेजो मान्छेको थियो
अस्पतालका शैयामा
पचासौं युनिट रगत चढाइएको म मान्छे
मेरो रगतमा कुन जातको रगत दौडिरहेछ
थाहा छैन
यत्ति थाहा छ
त्यो रगत मान्छेको थियो ।

खै त यो प्रवासमा
मिलेर बाँचिरहेका छौं

थुप्रै भूगोलका मान्छे
थुप्रै जातका मान्छे
थुप्रै वर्णका मान्छे
थुप्रै धर्मका मान्छे
विभिन्न जातका मान्छे
मुश्लिम धर्मका मान्छे
हिन्दू धर्मका मान्छे
बुध्द धर्मका मान्छे
यहुदी  धर्मका मान्छे
जैन धर्मका मान्छे
काला मान्छे
गोरा मान्छे
थेप्चे मान्छे
चुच्चे मान्छे
सबै किसिमका मान्छे।

मिलेरै त बसेका छौ यहाँ
भाषा नमिले पनि,
धर्म नमिले पनि
जात नमिले पनि
वर्ण नमिले पनि।

❖❖

०५।१७।२०१५

# सेता पर्दाहरू

सेता मान्छे
सेता मन
सेता भित्ता
सेता झ्याल
स्वच्छ निर्मल स्फटिक
झ्याल जस्तै सेता पर्दाहरू ।

हिउँले ढाकेका
गगन चुम्बी सेताम्मे आवादी
वारी मेनहटन
पारि जर्सीसिटी
बिचमा हडसन  नदी
बिजुलीको प्रकाश परावर्तनले
जाजल्यमान न्युयोर्क सिटी
दूधमा नुहाएजस्तो रात
इन्सेटिभ रुममा जिन्दगी पर्खिरहेको म
हेर्दा हेर्दा बिते
कैयौ सेता रातहरू
जिन्दगी बाँच्ने उपक्रममा ।

जब विहान हुन्थ्यो
जाग्थ्यो जिजीविषा
बज्न शुरु हुन्थ्यो जिन्दगीको धुन
भेट्न आउने आगन्तुकहरू
थाकिसकेछन् अथवा लागेछन् आफ्नै काममा
अब त घरका बाहेक
सबै पातलिएका छन्
बाँच्नका लागि केही  नगरेर कहाँ हुन्छ ?

एक्लै हुन्छु म
मसँग भलाकुसारी गर्छन
झ्यालका सेता पर्दाहरू ।

जीवन र मृत्युको लडाईंमा
खै कुनले जित्ने हो ?
रोगले जित्दै गए पनि,
बाँच्ने अभिलाषा प्रबल थियो
सेता परिधानका नर्स डाक्टर
च्याकभरिका औषधि
अनि ती झ्यालका सेता पर्दा
जिन्दगी सिनेमा बनेर दौडिरहेथ्यो
तिनै श्वेत पर्दामा
नर्स बदलिए
डाक्टर बदलिए
औषधि पनि बदलियो
रोग बदलिएन
पीडा छुटेन
मात्र तन र मन  बदलियो ।

सेतो रङ्ग
पवित्र समर्पणको,
नर्सका पहिरन
झ्यालका सेता पर्दा
कुरुवा बनेका छन् मेरा
जसरी साथ छोडेको छैन विश्वासले
त्यसरी नै साथ दिइरहेका छन्
श्वेत वस्त्रका मान्छे
श्वेत रङ्का पर्दा

❖❖

(कोलम्बिया हस्पिटल भित्रको अनुभूति)

# अबेर होला

मैलो लाग्छ भानुको लाली
मैला लाग्छन् गण्डकीका जलराशि
कालो लाग्छ पूर्ण चन्द्रको कान्ति
मैलो लाग्छ हिम शिखर,
अपूर्ण लाग्छ कैलाशको शान्ति ।

निर्दयी  लाग्छन्
माया गर्ने मायालु
बिषको झझल्को आउँछ अमृतमा
दोष मात्रै देखिन थाल्छन् मित्रका
बा आमाका अमृत वचन
दुर्बचन लाग्न थाल्छन् ।

गुरुजनका उपदेश
मिथ्या लाग्छन्
दुर्जन लाग्छन् सज्जनहरू
यो सारा जगत्
कालो र मैलो लाग्दछ
जब आफैमा
जन्मछ उन्माद  ।

धनीका अगाडि दश औंला जोड्ने हात
गरिबका सामने उठ्ने तिम्रा लात
कति दम्भ गर्छौ ?
पद प्रतिष्ठाको
रहने छन् ती सबै तिम्रा
शक्ति रहँदासम्म

घाम अस्ताए जस्तै
अस्ताउने छ एकदिन
तिम्रो पाखण्ड ।
अबेर होला
बेलैमा होस गरे बेस होला
के साथ लगिन्छ र मरेर जाँदा
त्यो धन दौलत
त्यो अभिमान र अहङ्कार
सबै छोडेर जानुपर्नेछ
त्यो बुझेर
मिथ्या तृष्णा, आडम्बर शेखी दम्भ छोडी

समभाव इज्जत गर्न सिकौँ दुइहात जोडी
गरौ मानव कल्याण कार्य आजैदेखि
छोडौ है आडम्बर दम्भ शेखी
अनि हुन्छ, सारा संसार
उज्यालो रङ्गीन
जताततै बज्नेछन्
सुमधुर सङ्गीत
उल्लास लाग्दछ
सूर्योदय  लाली बिहान
दिन्छन् यिनले उज्याला किरण

❖❖

०८।२७।२०१७

# उसलाई वसन्त आएन

आयो बसन्त यस बर्ष
पतझडलाई बिदा गर्दै
हाँगा हाँगामा मुना र पालुवा
कठ्याङ्ग्रिएका दिनहरू तताउँदै
मौसमले ल्यायो बहार
दुनियाँ यो रङ्गीन बनाउँदै ।

चेरी ब्लुजुम फेष्टिवलसँगै
लाममा रोपिएका चेरीरुखहरू
झपक्क फुलिरहेका छन्
मानव निर्मित बाग बगैँचा
कानन जस्तै शोभित छन्
फूल जस्ता मान्छेहरू
फुलै फूलमा  रमाउँदैछन् ।

सम्झन्छु मेरो देशका डाँडापाखा
राताम्य पारेर वन पाखा
फुले होलान् लालीगुराँसहरू
नाच्दै होला पुतली
फुर्फुर गर्दै वल्लो फूल र पल्लो फूल
प्रेयसीको चुल्ठोमा
सजाएर गुराँसको थुङ्गा
गर्दै होला प्रेमी प्रेम याचना
सुसेले होला झरनाले सङ्गीत
गाए होला कोइलीले गीत ।

सम्झनाहरू समेटेर स्वदेशको

यो मान्छेको हुलभित्र
एक्लोपन महसुस गर्दैछ एउटा मान्छे
एक्लै एक्लै गरिरहेछ
जिन्दगीको हिसाव
एक्लै एकान्तमा
उदास र मलिन अनुहारमा
खै के खोजिरहेको छ त्यो मान्छे ?

उसको देशमा जस्तै यहाँ पनि
हरेक बर्ष बसन्त आउँछ
झपक्कै फुल्छन् रँगीविरँगी फूल
तर रमाउन सक्दैन फूलसँग
धन कमाउने मृगतृष्णामा
घन्टे काम गर्दागर्दै बर्षौ बितेछ प्रदेशमा
काम गर्दागर्दै स्वास्थ्य बिगार्‍यो
न धन कमाउन सक्यो
न त धन आफन्तीलाई पठाउन सक्यो
काम गर्ने यन्त्र मान्छे बन्यो ऊ
चाहेर पनि देश फर्किन पाएन
यस बर्ष पनि सदा जस्तै
उसलाई वसन्त आएन

❖❖

०४।१७।२०१७

# मेरो प्यारो शङ्करनगर

म जन्मेको ठाउँ
धूलोसँग धुलाम्य हुँदै
हिलोसँग हिलाम्य हुँदै
खेतका आली र डिलडिलमा
बुर्कुसी मार्दै रमाएको ठाऊँ
म हुर्केको ठाऊँ
कसरी बिर्सन सक्छु र म ?
ताते ताते गरेर पाइला चालेको ठाऊँ
मेरो शङ्करनगर !
प्यारो शङ्करनगर ।

सम्म परेका खेतका गराहरूमा
बाउसेसँगै  रमाएका क्षणहरू
रोपारसँग रमाएका दिनहरू
हैँगामा अल्भेर हिलोमा डुबेका दिनहरू
ताजै छन् अझै पनि मानसपटलमा
कसरी बिर्सन सक्छु र म
मेरो बाल्यकाल रमाएको ठाउँ
मेरो शङ्करनगर
प्यारो शङ्करनगर ।

धान काट्ने खेतालाँसँगै
पहेंलो पुवा खाएको
धान झाँटेर धानको थुप्रोसँग
उफ्रिदै नापिएको
पराल थप्दै परालको टौवामा
टुप्पोबाट हाम फालेको
मकै रोप्दा हलोको सियोसँगै

बिउ खसालेको
पाकेको मकै खेतमा
बुख्याँचा बनाएर
मकैचोरलाई तर्साएको
हाहा हुहु गरेर चिच्याउँदै
सुगा धपाएको
ताजा बनेर घुमिरहन्छन् आँखाभरि
सम्झनाका तरेलीमा
जीवन्त छन् ती क्षण
मेरो शङ्करनगर
प्यारो शंकर नगर ।

गाइ वस्तुहरू सँगै फायरलाइनसम्म
गोठाला गएको
डण्डीवियो र कपर्दी खेल्दै
रमाएका ती दिनहरू
लुकामारी भाले जुदाई
खेले लडेका दिनहरू
अन्ताक्षरी खेलौं भन्दै
जिते हारेका क्षणहरू
गाउँखाने कथामा रल्ल परेर
गल्ल हाँसेका दिनहरू !
मकै र भट्ट मोहीसँग
अर्नि खाएका दिनहरू
सम्झनामा मात्रै बाँचेका छन्
बाल्यकालका ती पलहरू ।

भाउजुहरूसँग रमाएर
घाँस दाउरामा गएका दिनहरू
चोट लाग्दा झुम्रो पोलेर
घाउमा टाँसेका दिनहरू !

आमाँसँगसँगै स्याखु ओडेर
धानका बीउ उखेलेका क्षणहरू !
खेत घर भान्छा
गाइ भैसी घाँस दाउरा
सबै काम सकाएर
मलाई सुम्सुम्याउन भ्याउने
आमाका हातका ती स्नेही स्पर्श
पानीपट्टी लगाएर ज्वरोमा
जाग्राम बसेका रातहरू
पीठमा बोकी थुम्थुम्याउँदै
बलिराजाका कथा सुनाएका ती क्षणहरू
अब ती दिन
सम्झनाका मात्रै जीवित छन् ।

सत्यनारायणको पूजामा
बासँग गएर छिमेकमा
खैँजडी मजुराको तालमा
भजन नाचेका क्षणहरू
गाऊँ गाऊँमा डुलाई डोली
फूलपाती भित्र्याएको दिन
उखुको लाँक्रो बोकेर
जय जयकार गरेका दिनहरू !
दशैमा टिका थाप्न
मावल  पुगेका दिनहरू
निधारभरि टिका थापेर
प्रसाद र दक्षिणा बटुल्ने  होडबाजी
सम्झनामा मात्रै बाँचेका छन् ती पलहरू ।

मेरो बालापन
मेरा जीवनका मनोरम क्षणहरू
मेरा सुखद स्वर्णिम

सुमनोहर ती पलहरू
मेरा सन्ततिका लागि
कथा जस्ता लाग्नेछन् ।

लटरम्म धान झुल्नेफाँटहरू
छैनन् आज शङ्करनगरमा
आलिशान महल ठडिएका छन्
मकै फल्ने खेतहरूमा
बजारमा परिणत भएको छ मेरो गाऊँ
घाँस दाउरा गर्दैनन्
आमाभाउजुहरू
ग्यास भित्रिएको छ
धान कुटाउन जान पर्दैन मिलमा
सुपर मार्केटबाट केलाएका चामल पाइन्छ
हराएका छन् टुकी र लाल्टिन
बिजुली र टेलिफोनका तारले
घर जेलिएका छन्
हाँक हाल्नु पर्दैन कटवालले
फोन र मोबाइल घर घरमा छन्
गोरु गाडाका ठाउमा
मोटर कार भरिएको छ

आधुनिक बनेको छ शङ्करनगर
आधुकितासँगै
मृत छ स्वावलम्वन
मेरो देश जस्तै यतिवेला
परजीवी बनेको छ मेरो शङ्करनगर ।

❖❖

१२।३०।२०१५

# अन्तहीन यात्रा

म हिँडिरहेछु सडकमा
एकनास एकनास
र, हेरिरहेछु मान्छेहरूको भाग दौड
साँच्चै
किन दौडिरहेका छन् यी मान्छेहरू !
कहाँ छ यिनको गन्तव्य
के हो यिनीहरूको लक्ष्य ?

म्याराथुन दौडिरहेका छन् मान्छेहरू
रोकिएको छैन यो दौड
कहिले रोकिने त्यो  पनि थाहा छैन !
जानी नजानी सबै सहभागी छन्
यो दौडमा
बेतोडले कुदिरहेछन् ।

म देखिरहेछु केही  परिचित अनुहार
मञ्चमा क्विन्टलका माला लगाउँथे
सशस्त्र सुरक्षा घेराभित्र
सलाम खान्थे
कोही स्वयम् घोषित मसिहा थिए
तर आज देख्दैछु
यी सर्बोच्च मान्छेका मलिन अनुहार
शक्तिमा रहुञ्जेल
के गरेनन् यी मान्छेहरूले !
मानव तस्करी
चेलीबेटी बेचबिखन
लागु औषधिको कारोवार

हत्या हिँसा आतङ्क
राजनीतिको नाममा ।
सत्ता र शक्तिको आडमा
शहरमा छाए
राष्ट्रमा छाए
परराष्ट्रमा छाए,
टेलिभिजनमा छाए
पत्रपत्रिकामा छाए ।

अझै पनि के नपुगेको हो
दौडिरहेछन् निरन्तर
खै कहिलेसम्म चलिरहने हो
यो अन्तहीन यात्रा ।

❖❖

०६।२३।२०१६

# घमण्ड छोडेर विद्याको

घमण्ड छोडेर विद्याको
शेखी छोडेर बलको

तेज छोडेर सौन्दर्यको
छोडेर जात कुल पदको

छोडेर ऐश्वर्य धनको
छोडेर रिस, द्वेष अहम्को

छोडेर आवेग र ईर्ष्याको
छोडेर घमण्ड ज्ञानको

मै हुँ भन्ने हामी मान्छेका
मस्तिष्कमा जमेका किराहरू
झरि गए, अर्गानिक हामी हुन्थ्यौं
मान्छेको जीवन स्वर्गसरी हुन्थ्यो

दोष अरूमा खोजेर हैन
आफैमा खोतल्नु पर्दछ

खोजेर ईश्वर मन्दिरमा हैन
आफै भित्रमा खोज्नु पर्दछ

मन भित्रको पाप हटने थियो
सबैमा सद्भाव फैलने थियो

हाम्रा जीवनमा फुल फुल्ने थियो
धरती पनि स्वर्गसरी हुने थियो ।

❖❖

०९।०१।२०१७

# जिन्दगी लयबद्ध बनोस्

आफ्नै लयमा झुल्कन्छ घाम
लयबद्ध भएर छरिन्छ किरण
सुरिलो लय सुसेल्छ मुरली
लयमै घन्किन्छन् लोकधून
आफ्नै पद्धति छ जिन्दगीको
आफ्नै लय छ जिन्दगीको ।

लय मिलाएरै उडछन् मालचरीहरू
लयमै गुड्छन् गाडीहरू
लयमै बग्दछन् खोला र नदीहरू
लयमै चल्छ बतास
लयमै फक्रिन्छन् पल्लव ।

बिहानमा गौँथलीको चिर्बिर
साँझमा सरौंको च्यारचुर
गोधूलीमा गोठ फर्कँदै गरेका बस्तुभाऊ
झर्झर बग्ने झरना
न्याउलीको बिरह
कोइलीको कुहू कुहू
सबै सबै लयबद्ध छन् ।

धर्तीका सिर्जना लयबद्ध
लयबद्ध छ प्रलय
हाँस्नु खेल्नु नाच्नु कुद्नु
विना लयको कहाँ चल्छ जिन्दगी !
सृष्टिका प्रत्येक सिर्जनाको लय छ

शिशु युवा र प्रौढ
मर्नु र बाँच्नु
सबै नियमबद्ध छन्
सबै लयबद्धछन्
सिलसिला अविराम यो चलिरहोस्
जिन्दगी लयबद्ध बनिरहोस् ।

❖❖

०४।२३।२०१७

# प्रेम गीत

पहिलो भेटमै नजर
तिम्रोमा परेको थियो
देख्नासाथ मेरो दिल
तिम्रोमा झरेको थियो ।

तिमीसँग मिलाउँदै
किन टाढा पुऱ्याउँछ
समय हो कि भाग्य !
किन निष्ठुर भै दिन्छ ।

तिम्रा प्यारभरी
ती आंचलमा झुल्न पाऊँ
तिम्रा नयनहरूका
अँकुशेमा घुल्न पाऊँ ।

स्पर्शमा तिम्रा बदनका
पग्लिरहन पाऊँ
तिम्रा सासका उष्णतामा
जलिरहन पाऊँ ।
म तिम्रो प्यारमा
अङ्गअङ्ग फक्रिने छु
म तिम्रो आँचलमा
तिमीसँगै लटपटिने छु ।

म तिम्रो तनमनमा
उन्माद भर्ने छु
पुतली झैँ फुर्र फुर्र

गगनमा उडी जाने छु।
चाह्यौ भने  प्यारमा
 झुकाई राख्न सक्छ्यौ
चाह्यौ भने  प्यार यो
 बचाई राख्न सक्छ्यौ।

म जन्म जन्मको प्यासी
तिम्रो प्यारमा अतृप्त सधै
तिमी छौ र म छु
यो आकाश छ
यो धर्ती छ।

❖❖

०४।०९।२०१७

# देवता

मन्दिर छ र छन् देवता
निर्विकार शान्त सौम्य
मान्छेहरू आइरहेछन्
भाकिरहेछन्
मागिरहेछन्
मानौं ईश्वर सबैथोकको उत्पादक हो ।

मतिभ्रष्ट मान्छेहरू
भ्रष्ट बनाउन खोज्दैछन् ईश्वरलाई
मागेको बदलामा बली चढाउने भाकल गर्छन्
भोग चढाउँछन्
मानौं ईश्वर भोकमरीमा परेको कुनै जीव हो
मानौं ईश्वर घुस्याहा यस्तो शासक हो
खुशी भयो भने
दिनलाई रात र रातलाई दिन बनाइदिन सक्छ
मानौं ईश्वर अपराध पखाल्ने डिटर्जेन्ट हो
अथवा ईश्वर
चाया र दाग हटाउने कुनै लोसन हो ।

मन्दिरभित्र छु म पनि
हेरिरहेछु मान्छेहरूको भगवत् भाव
कति संवेदनाहीन भएछन् मान्छेहरू
सुन्दैछु भक्तहरूको प्रलाप
ग्राहक ठग्न पाऊँ भन्दैछन् कोही
कर्तव्य ज्यान मुद्दामा सफाइ माग्दैछन् कोही
संवैधानिक पदमा नियुक्ति खोज्दैछन् कोही
भिसा लाग्ने उपाय सोध्दैछन् कोही ।

के भएको हो !
यी मान्छेहरूलाई
लौन ए भगवान् !
अलिकति बिबेक
थोरै संबेदनशीलता
उनीहरूलाई दिनुहुन्छ कि
मान्छेको मानसिकताबाट
लोभ, लुच्याइँ र धुर्त्याइँ
हटाइदिनुहुन्छ कि !
मान्छेका मनहरूमा पनि
केही  देवत्व भरि दिनुहुन्छ कि ।

❖❖

०३।०९।२०१७

# युवा

युवा त्यो हो जो,
अन्यायको बिरुध्द लड्छ
भ्रष्ट्राचारको बिरुध्द लड्छ
परिवर्तनको लागि लड्दछ
जोशको साथ हात उठाउदछ
आफ्नो ज्यान दिन्छ
देशको लागि
जनताको लागि
जन्मभूमिको लागि
परिवर्तनको लागि ।

युवाको बलिदानबाट
प्रजातन्त्र आउँछ
गणतन्त्र आउँछ
मुखुण्डो बदल्छन् ब्वाँसाहरू
नववतार लिन्छन् परिवर्तनसँगै
षड्यन्त्रको चक्रव्यूह रच्छन्
जे पनि गर्छन्
जसो पनि गर्छ
सत्तामा जरा गाड्छन्
अनि मौलाउँछ भ्रष्टाचार
बिदेशीले नेता खेलाँउछ
विदेशीले हैकम चलाउँछ
सत्तालाई इशारामा नचाउँछ
उनैको इशारामा चल्छन्
हाम्रा आस्थाका नेतागण
नदीहरू फेरी बेचिन्छन्

उद्योगहरू बेचिन्छ
सिमानामा बाँध बाधिन्छन्
देश खुम्चिन्छ
बाढीमा डुब्छ
राहतमा केही कनिका छरिन्छन् ।

देशमा वुख्याँचाहरूको राज हुन्छ
रोजगारीको खोजीमा
देशको युवाशक्ति
दलालका हातबाट
अर्को दलाल हुँदै
बेचिँदै जान्छन्
अरबको खाडीमा
अरबको तातो बालुवामा
रगत सिंचेर
हराभरा बनाउँछन् मुग्लानको मरुद्यान
बदलामा
बन्द भएर कफिनमा
फर्किँदा देशको सौभाग्य
न देशका नेतालाई चित्त दुख्छ
न राजनीतिलाई दुख्छ,
प्रताडित बा आमा
शोकविव्हल छोरा छोरी बाहेक कोही हुँदैनन् ।

यो राजनीतिको दुष्चक्रमा
मान्छेलाई जातका नाममा लडाइन्छ
धर्मका नाममा लडाइन्छ
वादका नाममा लडाइन्छ
पहिले पनि यस्तै थियो
अहिले पनि उस्तै छ

जुन तन्त्र आए पनि
आएन कहिल्यै परिवर्तन
गरिबको छाकको
ग्यारन्टी कहिले भएन
न बासको ग्यारन्टी भयो,
न त  रोजगारी भयो
केही थान नेताका
आसेपासेका लागि
प्रजातन्त्र आयो
 गणतन्त्र आयो ।

हे युवा
सचेत हुनुपर्छ अव
तिम्रो पाखुरीको जोश र बल
कुनै नेताको जिमिदारी नबनोस्
तिम्रो जोश र बल
प्रयोग होस देशका खातिर
तिम्रो रगतले
सिँचेको प्रजातन्त्र
दलालहरूको हातमा नपुगोस्
अव यो देशका ठेकेदारसँग
एक एक हिसाब किताब माग्नु पर्छ
बिदेशमा पलायन हुन् पर्ने कारण
अव हामीले खोज्नु पर्छ
तिम्रा पसिनामा मौलाएकाहरूलाई
कठघरामा उभ्याउनु पर्छ
अब तिम्रो खुन पसिना
देशको लागि हुन पर्छ  ।

❖❖

०९।०३।२०१७

# समय

अन्तहीन बगिरहेछ समय
हाम्रा हातहरूबाट
समय निरन्तर चलिरहेछ
हाम्रा सासहरूबाट
ओझेल परिरहेछ
हाम्रा आँखाहरूबाट ।

समय दिन र रातसँगै
हाम्रा उमेर खाइरहेछ
समय वैलाएको फूलजस्तै
रङ्गहीन लागिरहेछ ।

अवसर समयसँगै आउने गर्छ
समय सँगसँगै जाने पनि गर्छ ।

मुठ्ठी खोलेर समयले
केही दिन खोजिरहन्छ हामीलाई
विडम्वना ढोका थुनेर माग्छौं हामी
हस्तरेखा देखाएर
अथवा राशिफल पढेर
बर्बाद गरिरहन्छौं समय
अनि दाबी गरिरहन्छौँ हामी सधैँ
समय अभावको
मानौं समय कुनै थामिएको लहर हो
मानौं समय कुनै गतिहीन चिज हो
समय भन्नु त गति हो
जुन बगिरहन्छ निरन्तर

अविराम नदीको प्रवाह जस्तै
समयलाई चिन्न सकेनौं भने
यो समय
फुत्किरहने छ हाम्रा हातहरूबाट
ओझेल पर्ने छ हाम्रा आँखाहरूबाट
धेरै टाढा पुग्ने छ हाम्रै जिन्दगीबाट ।

❖❖

०८।०५।२०१६

# मेरो देश नेपाल

चाँदी सरह चम्किरहेछन् हिमशृङ्खला
सगरमाथा चुलिएको छ मेरै देशमा
शान्तिका बिगुल फुकिरहेका छन् बुद्ध
देवाधिदेव पशुपति
मुक्तिक्षेत्र बराहक्षेत्र
जीवन धन्य बनाउने तीर्थ स्थलहरू
प्रकति छटा र विविधताले भरिपूर्ण
हिमाल  पहाड मदेश पनि  मेरै देशमा ।

कोशी, गण्डकी र महाकालीमा बगिरहेछ
अमृत सरह जल राशि
गुराँस फुलिरहेका छन् पाखा पखेरामा
डाँफे मुनाल नाचिरहेकै छन् मेरै देशमा
अंग्रेजसँग नालापानी
युध्द लड्दै  भिड्दै
बहादुर विर नेपालीले
जोगाएको मेरै  देश
लाखौं वीरहरूको रगतले
सिंचिएको छ यहाँको धर्ती
थुप्रै जनताका पसिनाले
सिंचिएको छ यहाँको माटो ।

देश बनाउन थुप्रै
सपुतहरू सहिद भए
कहिले बहुदलको नाममा
कहिले गणतन्त्रको नाममा ।

विश्वको प्यास मेटाउन पुग्ने
जलस्रोतको धनी मेरो देश
काकाकुल किन बन्दैछ

यो जल भण्डारको देशमा
लोडसेडिङ्ग किन बढ्दैछ !
कहाँ गयो जातीय सद्भाव ?
जातजातमा विभक्त  छन् मान्छे
दुनियाँले काँचुली फेरिसक्दा
हामी किन रसातलमा भासिँदै छौं
युवा शक्ति पलायन छन्
किन रोक्न सक्दैनौ यो पलायन ?
देशका अगुवाहरू नै
चुर्लुम्म डुबेपछि भाइ भतिजावादमा
भ्रष्टाचार र दुराचारमा
हामी के गर्न सक्छौँ र !
राष्ट्र सेवक नै भ्रष्ट भएपछि
हामी के गर्न सक्छौँ
सुरक्षामा खटिएकाबाट नै
असुरक्षित भएपछि ।

म त नानापापाको खाजीमा
मुग्लान पसेको मान्छे
उपचारको क्रममा
उतैका मान्छेको अवयव
प्रत्यारोपण गरिएको मान्छे
रगत फेरिएको मान्छे
रगत फेरिँदैमा रङ्ग फेरिँदो रहेनछ
अङ्ग फरिदैमा मन फेरिँदो रहेनछ
भूगोल फरिँदैमा भावना फेरिँदो रहेनछ
कलेजो फेरिदैमा माया फेरिँदो रहेनछ
उसै गरी बगिरहेछ रगत धमनीहरूमा
जसरी बगिरहेछन् कोशी र कर्णालीहरू ।

❖❖

०४।१५।२०१५

# एक्लै एक्लै

टैगोरले भने जस्तै
म पनि एक्लै हिँड्न थालेको छु अचेल
मैले भनेका कुरा कसैले नसुने पनि
मनका कुरा सनाउँदै हिंडेको छु
सुरताल नजाने पनि
देश गुनागुनाउदै हिंडेको छु
उनीहरूले मुख फर्काए पनि
नबोलेर कोही रिसाए पनि
म आफ्नै सुरमा आफ्नै धुनमा छु
म  अचेल एक्लै हिंड्न थालेको छु।

बुद्धत्व खोज्न एक्लै दरवार छोडेथे बुद्धले
तर कहाँ एक्लो रहेछ बुद्ध
एक्लै हिँडेका बुध्दका चेलाले
बिश्व ढाकेका छन्
नयाँ विचार, नया सौंच राख्नेहरू
एक्लै हुन्छन्
एक्लो पारिन्छन्
आविष्कारको जननी हो एक्लोपन
त्यसैले अन्वेषकले
एक्लै हिँड्नु पर्छ,
धीरताका साथ अगाडि अगाड्रि।

कायरहरूलाई भिड चाहिन्छ
स्वार्थीहरूलाई गुट चाहिन्छ
राम्रोलाइ राम्रो भन्न नसक्नेहरू
नराम्रोलाई नराम्रो भन्न नसक्नेहरू

भिडसँग बस्न रुचाउछन्
ठिक बथानको भेडा जस्तै
अगाडिको भेडा उफ्रेपछि
विना कारण उफ्रिन थाल्छन् पछाडिका भेंडाहरू
मस्तिष्क बन्धक राखेकाहरू
विवेकशून्य भएर
कसैको पछाडि दौडनेहरू
आफ्नै देशमा  सङ्कट पार्नेलाइ सलाम गर्छन्
देशको झण्डा जलाउनेलाई
स्वागत गर्छन्
नाकाबन्दी गर्नेलाई मालिक मान्छन्
उताकालाई  भाषा र पद

चाहियो भनी संसद घेर्छन्
देशलाई छिन्नभिन्न पार्न सम्झौता गर्छन्
सत्तासँग राष्ट्रियता साट्छन् ।

उनीहरूलाई नेपाली भाषा मन पर्दैन
नेपाली भेष मन पर्दैन
नेपाली संस्कृति मन पर्दैन
देशको पहिचान निमिट्यान्न पारेर उनीहरू
जातीय पहिचानको नारा उराल्छन्
देशको कुरा गर्ने मान्छे एक्लिएको छ यहाँ
नेपालीत्वको कुरा गर्ने मान्छे एक्ल्याइएको छ यहाँ
फरक पर्दैन
एक्लै उचाल्छु म राष्ट्रको झण्डा
चन्द्र सूर्य ध्वजा फहराउँछु
एक्लै भएपनि ।

❖❖

# म जे छु

म जे छु
म जस्तो देखिन्छु
म उस्तै छु
म आफु जस्तै भएर बाँच्न चाहन्छु
कसैको फोटोकपि भएर बाँच्नु छैन
म आफैमा बाँच्छु
न त कसैको प्रभावमा
न त कसैको दासत्वमा
जिन्दगी मेरो हो
म त आफ्नै स्वभावमा बाँच्न चाहन्छु ।

न त मलाई धनले बाँध्न सक्ला
न त मलाई लोभले बाँध्न सक्ला
ठुलो हुन जानेको छैन मैले
सानो हुन मानेको छैन मैले
त्यसैले त आफ्नै स्वाभिमानमा
बाँच्न चाहन्छु म
जे देख्छु त्यो भन्छु
जे सोंच्छु त्यो लेख्छु
मेरो भनाई ठीक वेठीक जे लाग्ला
मेरो लेखाई राम्रो नराम्रो जे लाग्ला
तर पनि पर्वाह गर्दिन
म जे छु त्यो हूँ म
कसैको प्रतिलिपि हैन
बिचारमा स्वतन्त्र छु म
कसैका बिचारको बन्दी हैन म
मेरो जिन्दगी मेरै हो
त्यसैले त म
आफ्नै स्वभावमा बाँच्न चाहन्छु
आफ्नै भोगाइमा रमाउन चाहन्छु ।

❖❖

०७।०५।२०१६

# एजेन्ट उर्फ दलाल

विकसित देशको मान्यतामा
सबैभन्दा ट्यालेन्ट मान्छे एजेन्ट हो
बिचौलिया र मध्यस्थकर्ता हो
हरेक काम र बिजिनेसमा एजेन्ट हुने गर्छ
एजेन्टले कम्पनीको प्रोडक्ट बेच्छ
प्रोडक्ट जे पनि हुन सक्छ
चाहे जीबन  बिमा
चाहे अटो बिमा होस्
चाहे रियर स्टेट होस्
चाहे मोटर गाडी होस्
चाहे सामान होस्
चाहे मेन पावर होस्
बाकाइदा साइनबोर्डमा
भिजिटिङ् कार्डहरूमा
फोटो लगाएर नाम छपाएर राख्छन् ।

विकसित देशहरूमा
एजेन्ट बन्नु इज्जतको कुरा हुन्छ
एजेन्टको तलब हुदैन
उनीहरूले आफनो कम्पनीको प्रोडक्ट बेच्छन्
जसले जति बेच्न सक्छन्
त्यति धेरै पैसा कमाउँछन्
बिना लगानी बुद्धि बेचेर
अर्थात् आफ्नो प्रतिभा देखाएर
त्यसैले एजेन्ट भन्नु
प्रतिभाशाली मान्छे बुझिन्छ यता
एजेन्ट बिना काम बन्दैन ।

नेपालको  सन्दर्भमा
एजेन्ट  उर्फ दलाल भन्नु
राम्रो अर्थमा हेरिँदैन
सभ्य भाषामा यसलाई एजेन्ट भने  पनि
होच्याउन पर्दा सबैले दलाल भन्छन्
छिमेकी देशका दलाल
शक्तिकेन्द्रका दलाल !
केटी बेच्ने दलाल !
जग्गा दलाल !
बिमा दलाल !
पार्टीका दलाल !
वेश्यावृतिका दलाल !
मेन पावर दलाल !
सरकारी दलाल !
कम्पनी दलाल !
ठेकेदारका दलाल !

उताका जस्तै यताका दलालको पनि
तलब हुँदैन
फरक यत्ति हो
उताकाहरू परिश्रम र पसिना खान्छन्
यताका दलालहरू
कमिसनले मात्रै जीबिका चलाउँछन्
कहिलेकाहीँ भसक्कै कमाउँछन्
ठुलै ठाँटवाठसाथ
राजनीतिको दलाली गर्छन्
सत्ता उठाउँछन् र ढलाउँछन्
र देश चलाउछन्

❖❖

०४।११।२०१६

# गोधुलिसँग

ए मेरो मित्र साँझको
गोधूलीसँग न बिलाऊ है
विहान हुनका लागि त हो साँझ
जिन्दगी त
भोलि भानु बनेर उदाउँछ ।

उभिन खोज्दा एउटा खुट्टामा
हो पक्कै थाक्ने छौ तिमी
यात्रा हो जिन्दगी
यात्रा राख निरन्तर
बिस्तारै हिँडे पनि
भेटिने छ गन्तव्य पक्कै पनि

ए सुन्दर गोधूली
किन रोप्छस् निराशा मनहरूमा
थाहा छैन र तँलाई
हेप्ने भनेको बलियाले निर्धालाई न हो
रात भन्नु केही  समयका लागि हो ।

न दिन रह्यो सधैभरि
न रह्यो सधै रातको साम्राज्य
तैपनि ए गोधुली !
किन छर्छस् मान्छेका मनहरूमा
संशयको कालो बादल ।

भोलि फेरि निशा चिरेर
उदाउने छ सुनौलो घाम
मनहरूमा
विश्वासको कोसेली बोकेर
ए गोधूली
किन डाक्छस् रातहरूमा !
मान्छेका मनहरूमा
अनिश्चयको आँधी बेरी ।

❖❖

# हेर्ने नजर

ऊ वेरोजगार थियो
पहिले पहिले काम थिएन
समाजमा कुनै नाम थिएन ।

उसको हिडाइमा पनि शङ्का हुन्थ्यो
उसको बोलाइमा शङ्का गरिन्थ्यो
उसको काममा शङ्का गरिन्थ्यो
उसको हेराइमा शङ्का
लवाइ खवाइमा शङ्का

सबैले यस्तै ठान्थे
पढेन उ स्वाँठ हो
काम गर्दैन उ निकम्मा हो
अलिअलि चोर जस्तो लाग्थ्यो ऊ
ठग फटाहा लाग्थ्यो ऊ
आधा खुस्किएको मान्छे हो

समाजको दृष्टिकोण न हो
उसको कुनै भाउ थिएन
उसको कुनै मूल्य थिएन
शङ्कास्पद मान्छे थियो ऊ ।

समय बदलियो
समयसँगै बदलियो ऊ पनि
व्यवस्था बदलियो
व्यवस्थासँगै बदलियो ऊ पनि
त्यसैले बदलियो समाजको ऐना

भन्न थाले मान्छेहरू
उसले जे गऱ्यो समाजका लागि
देशका लागि गऱ्यो
मान्छेका लागि गऱ्यो ।

जतिवेला उसँग केही  थिएन
कमाइ थिएन
पेशा थिएन
पैसा थिएन
घरवास थिएन
समाजको नजरमा सबथोक थियो
चोर, जासुस, वौलाहा थियो
अहिले उसँग
पद छ
पदसँग जोडिएको पैसा छ
पैसासँग गाँसिएको प्रतिष्ठा छ
लिन पनि सक्छ
दिन पनि सक्छ
यो समाजको नजरमा ऊ
महान् समाजसेवी भएको छ

❖❖

# तिहारमा

धेरै भयो नलर्काएको
निधारमा तीनथान टीका
देउसी भैली नखेलेको
सोरठी ननाचेको ।

आउन त आउँछ नि बैनी
सप्तरङ्गी सपनासँगै
सप्तरङ्गी टीकाको याद
मखमली फूलको माला
आँगनीको वसुधारा
सङ्घारमा फोरेको ओखर
टपरीभरिका भाइ मसला ।

आउँछ याद
प्रत्येक पल्ट तिहारमा
घर वरिपरि झलमल्ल दीपमाला
बाल्न त बालिन्छ यहाँ पनि
बिजुलीको दीपमाला
तर कहाँ पाउनु तेलको सुगन्ध !
कहाँ पाउनु त्यो दीपज्योति ?!

परम्परा निर्वाहका नाममा
जलाइन्छ केही  थान दियो
दियोको सलेदो सँगसँगै
जल्छ अलिकति मन
दुख्छ विगत ।

धेरै भयो
टाउकामा नपहिरिएको ढाका टोपी
टोपीमाथि नलगाएको माहुर
नदेखेको धेरै भयो
टपरीभरिका तिहारे रोटी
लड्दा लड्दै अभावहरूसँग
कहाँबाट कहाँ पुऱ्यायो समयले
मान्छेबाट मेशिन बनायो आवश्यकताले
अनगिन्ती यादहरू छन् मुटुमा
धेरै भयो नदेखेको सोह्र कौडी
छक्का पञ्जाका दाऊ
च्याँखे थाप्नेको दाउ
अनि माराको आवाज
जित्नेले बाँडेको जिताउरी
हार्नेको विक्षिप्त अनुहार ।

यसपालि यस्तै भयो
पक्कै आउनेछु
अर्को सालको तिहारमा
सम्हालेर राख्नु करेसाका
मखमली र सयपत्रीका फूल
ढकमक्क फुलाउनु मनभरि
गोदावरी र लालपाती ।

❖❖

१०।१८।२०१७

# हावासँगै

अशान्त क्लान्त छ मन
चुपचाप छु म
मौन परिवेश
कतै यो आँधी आउनु अगाडिको
शून्यता त होइन ।

यस्तो लाग्छ
अबको केही छिनमा
आकाशले खेल्ने छ ताण्डव
आकाशमा जस्तै
यो अशान्त मनमा पनि
मच्चिने हो कि कुनै सुनामी
ए हावा !
बताइदे न आएर सुटुक्क
होरिक्यान आउने हो कि कतै
चल्ने हो कि अत्यास लाग्दो बबण्डर !

भनि दे न वतास !
किन यस्तो हुन्छ मनमा
निलम्वित भएका हुन् कि आशा, भरोसा,
हराएको हो कि इच्छाशक्ति
खोसिएको हो कि अधरको मुस्कान
भ्रमित छन ओँठहरू
हाँस्न खोजेर पनि सक्दैनन् ।

ए हावा !
म्यान भित्रको तरवार जस्तै

यसरी अकर्मण्य नवस भो तँ
मच्चाइदे परिवर्तनको हुण्डरी
निम्त्याइदे यो शून्यतामा
एउटा ठूलै आँधीबेरी
उडाइदे सबै कुण्ठा
पखालीदे भ्रम र आवेग।

जानु त छँदैछ
वताससँगै मिसिएर
सुदूर आकाशमा
शून्य अन्तरिक्षमा
विशाल ब्रह्माण्डमा
हराइरहेछन् जसरी
भीडबाट मान्छेहरू
हराउनु छ त्यसैगरी
एक एक सबै !
त्यसैले ए हावा !

भत्काइदे यो मुर्दा शान्ति
डाकिदे कालो मेघ
वर्षाइदे जिन्दगी बलेनीमा
झुकाइदे इन्द्रधनुष
जगाइदे मनमा विश्वास
भत्काइदे भ्रमका पर्खालहरू
ब्यूँझाइदे जीवनको सपना।

❖❖

१०।०८।२०१७

# रात परेपछि

म देखिरहेछु अचेल
मान्छेको मुखुण्डोभित्र
डरलाग्दा जनावरका आकृति ।

खै म भ्रम बाँचिरहेको छु कि वास्तविकता
जव दिन ढल्किदै जान्छ
शुरु हुन्छ रातको साम्राज्य
मुखुण्डो भित्रको मान्छे
देखाउन थाल्छ वास्तविक अनुहार
म देख्छु अँध्यारोमा
टिलिक्क टल्किएका अजङ्गका दारा
कपालमा उम्रिएका सिङ् ।

रात पर्छ जब
म देख्छु
मान्छेको गर्धन निमोठिरहेका हातहरू
नलीहाड चुसिरहेका जनावर
कहर काटिरहेका मानिसहरू
छटपटिदै र अत्तालिँदै
टुटेका ब्रगेल्ती सपनाहरू
भत्केका खण्डहर विश्वास ।

रातको अँध्यारोमा
देखिरहेछु म
अत्यासमा छटपटाइरहेका मान्छे
चिथोरिएका रगताम्य अनुहार
हराइरहेको मानवता

मुखुण्डो भित्रको वीभत्स आकृति
सारङ्गी पेटमा बज्रिँदै गरेका काला बूट
कालो रातमा
सधै सधै हुने गरेको छ
मानवताको वीभत्स हत्या
काला कोठरीमा
मान्छेहरूको सौदा
आस्थाको किनवेच
नैतिकताको लिलामी

अनेक प्रश्न आउँछन् र जान्छन्
किन रोपिरहन्छ यो रात
कर्तुतको गद्दारीको बीज
किन गर्भाधान गरिरहन्छ रात
अपराधको काइते भ्रूण
किन उडाइदिन्छ मान्छेको निद
किन तुहाइदिन्छ
नवरङ्गी सपना
किन मान्छे जस्तो रहन्न मान्छे
रातपरेपछि ।

❖❖

१०।०४।२०१७

# आखिर सपना त रहेछ

सपनाको के भर
आमा भन्नुहुन्थ्यो
भर अभर जे भएपनि
सपना देख्नुपर्छ बा ! भन्नुहुन्थ्यो
आफ्नै आँखाबाट
बाले सङ्केत गर्नुभएको सपना देखें मैले

सपना देखें र त
विपना बाँचिरहेको छु म
मेरो जिन्दगी दुरुस्तै सपना
मेरो वर्तमान पनि सपना
मेरो भविष्य पनि सपना

चेतनाको प्रथम प्रहरसँगै
निरन्तर निरन्तर
सपना देखिरहेको छु म
बगरमा बालुवाको महल
बनाउँदै छु म अहिले पनि
कति पटक भत्केर गए
कति पटक तुहिए
तर पनि सपना देख्न छोडदैनन् यी आँखा
कहिले हँसायो सपनाले
कहिले रुवायो सपनाले
आखिर जिन्दगी भन्नु पनि
सपना त रहेछ केवल
रुँदा रुँदै हाँस्नु पर्ने
हाँस्दा हाँस्दै रुनु पर्ने

❖❖

०४।५।२०१७

# आँसु

किन आउँदैन वसन्त !
किन गाउँदैन चरीले गीत
यो रमझममा पनि
किन उदास हुन्छन् आँखा
कसैको व्यग्र प्रतीक्षामा
किन टोलाउँछ मन !

फूल उदास लाग्छ
उजाड लाग्छ विहान
सिक्रो रुख जस्तै
कुरुप लाग्छ वर्तमान ।

जव याद तिम्रो आउँछ
एकान्तमा
सुनसान रातमा
सहरको भीडमा
सम्झनाका तरेलीहरूमा
पग्लिएको हिम शृङ्खला जस्तै
रसाइ दिन्छन् आँखाहरू

बितेका पलहरू,
आउँछन् सम्झनाहरूमा
भुल्नै सकिन मैले
स्वर्णिम प्रेमिल पलहरू
आउछन मेरा निदहरूमा
मेरा सपनामा
मेरा कल्पनामा

मेरा चाहनामा
मेरा तिर्सनामा
अतीतका सम्झनाहरू
पहाडको फेंदका कुनै सिमसार जस्तै
चिसिन थाल्छन् आँखाहरू

किन मेटिएन यो तलतल
हो थाहा छ
अव हाम्रो भेट हुने छैन
छन् त केवल मनभित्र
केही  स्मृतिका अवशेष
केही  झझल्को आँखाहरूमा

जव याद तिम्रो आउँछ
सजाइ दिन्छु मनफूलहरू
सम्झनाका तरेलीहरूमा
आँसुले रुझेका परेलीहरूमा

❖❖

०७।१८।२०१६

# प्रेमले प्रेमलाई बढाउँछ

प्रेम गर मान्छे हो प्रेम गर
प्रेम ओखती हो
प्रेम उपचार हो
प्रेम समाधान हो
प्रेम युद्ध जित्ने आयुध हो ।

बिनम्र अनि सद्भावले प्रेम बढाउँछ
कुलको मर्यादा
घटाउँछ मानसम्मान
घमण्ड अहमले
सत्य कुरा तितो लाग्छ
विष हो चाप्लुसी र चुक्ली
मान्छेका के कुरा
प्रेमले सर्प प्रेमिल बन्छ ।

प्रेम सौन्दर्य हो
मनभित्रको सौन्दर्य
प्रेमले सद्भाव बढाउँछ
प्रेमले द्वन्द्व घटाउँछ
सङ्कल्प हो प्रेम
विजय गराउँछ
लक्ष्यमा पुऱ्याउँछ ।
प्रेम शान्ति हो
करुणा हो प्रेम
प्रेम तपस्या हो
साधना हो प्रेम
प्रमले प्रेमिल बनाउँछ
प्रेमले प्रेमलाई बढाउँछ ।

❖❖

१२।०१।२०१७

# नेपाल आमा

हिम शृङ्खलाहरूमा
हिमालका स्वर्णिम लालिमामा
हिमप्रकाश सँगसँगै झरेकी छौ
उच्च शिखरहरूबाट
झरझर झरनामा झरेकी छौ
गण्डकी कोशीको वहावमा
अमृतधारा बगिरहेकी छौ
कतै फेवा, कतै रारा
मन सबैको लोभ्याएकी छौ ।

हिमाल, पहाड,तराइका
पङ्क्तिमा सजिएकी छौ
ईश्वरबाट सौन्दर्य
बरदानमा पाएकी छौ
किंवदन्तीको स्वर्गलाई
साक्षात् धर्तीमा उतारेकी छौ ।

आमा हौ तिमी
सन्तान हौँ हामी
दिएर ऊर्वरा धरती
अन्नपूर्ण बनेकी छौ
तिम्रो सौन्दर्यमा निमग्न हुन
विश्व लालायित छ
कति सार्थक छ तिम्रो कोख
बुद्ध जस्ता ज्ञानी
बलभद्र वीरहरू सन्तान
तिम्रै कोखबाट जन्मेका छन् ।

तर मेरी आमा
प्रकृतिका यी अनमोल खजाना

लुटिरहेका छन् सन्तानहरू
प्रकृतिले बनाएको
मान्छेले बिगारिरहेका छन्
बाँदरका हातको नरिवल जस्तै भएको छ देश ।

हेर त आमा
तिम्रा स्वर्णिम आभूषण ती हिमालहरू
फोहरको डङ्गुर बनेका छन्
हिमशिखरका हिमप्रकाश
मलिन देखिन थालेका छन्
तिम्रा कोखबाट निसृत
अमृत धारा बग्ने
काली,कर्णाली,कोशीहरू
पराइका बन्धकी छन्
खडेरीले सुख्खा छन् खेतवारी हिउँदमा
महासागर बनेका छन् वस्तीहरू वर्षादमा
खै त हाम्रो अस्तित्व
सबै सबै बन्धकीमा बुझाएका छन् ।

देश बाँडिएको छ प्रदेशमा
खै कहाँ छ देश
नेपाल हराएको छ प्रदेशमा
कुरुप पारिएको छ देशको झण्डा
पार्टी पार्टीका झण्डा बोक्ने हातहरू
देशको झण्डा बोक्दैनन्
सुन्दैछु आमा
पहाडको फेंद
मेरो चुरे र तराईलाई
मधेश भन्छन् रे अचेल
कहाँबाट आयो यो मधेश
कसले पठाइदियो
विखण्डनको उपहार यो

टुक्र्याएर तिम्रा सग्ला अङ्ग
तराइ पहाड हिमाल
अलग अलग पार्दैछन् रे
दौरा सुरुवाल टोपी छाडेर
टाइसुट कसेका छन् रे ।

सुन्छु
पहिचानका गफ हुन्छन् रे
चोकचोक र गल्ली गल्लीमा
खै के हो पहिचान !
भाषाको हुर्मत
पोशाकको उछितो
चाडपर्वको अवमूल्यन
संस्कृतिको भञ्जन
भाषा बदलेर
झण्डा बदलेर
पहिरन बदलेर
धर्म बदलेर
संस्कृति बदलेर
खै कसरी हुन्छ र पहिचान !

सुन्दैछु मेरी
तिम्रा सम्भ्रान्त सन्तानहरू
सिता यताको खाएर
भजन उताको गाउँदैछन्
उताकै भक्ति भट्ट्याउने
भजन मण्डली बनाउँदैछन्
भजनेहरू देशलाई गाली गर्छन्
परदेशको स्तुति गर्छन् ।

खै के के ल्याए भनेको त
हात्ती आयो फुस्सा

त्यस्तै छ हालत देशको
अरबको तातो वालुवाले
चुसिरहेको नेपाली रगत
खाडीको वञ्जर सिँचिरहेछ
नेपाली पसिना
सुनसान छन् गाउँवस्ती
भत्किन थालेका बुकुरा
आँगनमा उम्रेको घाँस
यस्तै छ मेरो देश ।

सानो चिटिक्कको घरवास
चाउरी परेको आमाको अनुहारमा
अलिकति मिठो मुस्कान
अभावका बोझले थिचिएर
अत्यास बाँचिरहेका बाबुको अनुहारमा
अलिकति सन्तोषको सगुन
मायालुको लागि केही आभूषण
सानो चिटिक्कको वास
उफ यी उधारा सपना
साकार हुन नपाउँदै
कफिनमा फर्किन्छ मेरो ।

तर बाँड्न छोडदैनन्
सपनाका सौदागरहरू
उधारा सपनाहरू
गासवास कपासको
राष्ट्रिय स्वाभिमानको
सार्वभौमिकताको
समृद्धिको ।

❖❖

०९।२४।२०१६

# बा भन्नु हुन्थ्यो

दुखमा नआत्तिनु
र सुखमा नमात्तिनु
बा भन्नु हुन्थ्यो
शास्त्रका सुक्ति जस्तै लाग्छन्
मलाई बाका भनाइहरू ।

उमेरले सानो छ भन्दैमा
भाइलाई सानो ठान्नुहुन्न
बुद्धिमा भाइ दाइ हुनसक्छ
भाइले उन्नति प्रगति गर्नसक्छ
परिवारमा ज्ञान बाँड्नसक्छ
बा भन्नुहुन्थ्यो ।

जहिले पनि हर्ताकर्ता
राजकुमार ठान्छ आफैलाई
घरको जेठो सन्तान
सबैमा आफ्नो अग्राधिकार ठान्छ
र भाइअँश मार्छ
अँशबण्डामा मिचाइ गरी धेरै लिने
अथवा भएको पनि लुकाउने
त्यस्तो दाइ भाइमारा हो
बा भन्नु हुन्थ्यो

साँध सिमानामा कहिल्यै किचलो नगर्नू
साँधमा बत्ती बलिरहेको हुन्छ
साँध मिच्नेको कहिल्यै उन्नति हुँदैन
घरमा किचलो हुन्छ
सन्तानहरू बिग्रन्छन्
लोभले सर्वनाश गराउँछ

बा भन्नुहुन्थ्यो ।
घरको जेठो सन्तानले
आमाबाउको एकलौटी माया पाउँछ
सम्पत्तिमा मोज गर्न पाउँछ
घरभरि राज गर्न पाउँछ
धैरै सन्तानको कान्छोले
सबैचिज निखिएको पाउँछ
उत्साह विनाको माया
निखिएको ढुकुटी
चुलिएका अभाव
गरीवको जेठो छोरो
धनीको कान्छो छोरो
उस्तै उस्तै हो
बा भन्नुहुन्थ्यो ।

राजाको जेठो छोरो राजा हुने
कान्छोले काजी पनि नपाउने
यो परम्परा खराब हो
यसै विभेदले मतभेद निम्त्याउँछ
मतभेदले घर छिन्नभिन्न हुन्छ
बाबुले के गऱ्यो भनेर चित्त नदुखाएस्
ठगिन्छस् कि पछि भनेर
सारसौंदो छँदै
गरिदिएको छु अँशवण्डा
बा भन्नुहुन्थ्यो ।

❖❖

# म र मेरो भैरहवा

मेरो मानसपटलमा
घुमिरहन्छ प्यारो भैरहवा
मेरो बाल्यकालको साथी भैरहवा ।

देहाती खालको बजार
बजारको बिचको हाईस्कूल
साइकलका किरिङ् किरिङ्
भारतीय शक्लका अनुहार
उस्तै उस्तै लाग्थ्यो मलाई
नौतनवा[1] र भैरहवा ।

म हाइस्कुल भर्ना हुँदा
स्थानीय भाषाको अनभिज्ञ म
कागको वथानमा बकुल्लो बन्थें
न हिन्दी बोल्न सक्थें
न भोजपुरी
न अवधी
मुखमा पानको बुजो कोचेर
हिन्दीमा कडकिन्थे प्रधानाध्यापक
उतैको भाषामा बोल्थे शिक्षक ।

उस्तै हुँदोरहेछ सायद
मान्छे र माटाको स्वभाव
परिस्थिति ग्रहण गर्ने
माटो त्यहीं हो
अमिलो रोपे अमिलै फलाउँछ

[1] सीमापारिको पुरानो भारतीय बजार र रेल स्टेशन

तितो रोपे तितै फलाउँछ
गुलियो रोपे गुलियो फलाउँछ
पिरो रोपे पिरै फलाउँछ
हो यस्तै रहेछ मान्छे पनि
गुरुङ्ग मगर साथीसँग रमाएको म
रमाउन थालेको थिएँ
अग्रवालहरूसँग
चौधरी र खानहरूसँग
केवट र यादवहरूसँग
बोल्न सिकेको थिएँ
उनीहरूकै भाषा।

भैरहवाको पहिचान
सुगरमिल[2]बाट आउने दुर्गन्ध
ह्वास्स गनाउने नालीहरू
अलि परको हवाई अड्डा
यदाकदा गडगडाउने हवाइजहाज
सुनौली बोर्डर
नौतनवाको रेल
रेलबाट आएका लाहुरे
भट्टीवालहरूको तानातान
रसिक र यौनाकाङ्क्षी लाहुरे
नौतनवाका भट्टीवाल्नी।

उखरमाउलो गर्मी
धूलौटे सडक
बल्लतल्ल घस्रिरहेका बस ट्रक
अङ्गोछाले पसिना पुछिरहेका रिक्सावाला

[2] सि.न.पा.-६ उद्योगपुरीमा रहेको चिनी मील जुन अहिले अस्तित्वमा छैन।

झिँगा र माहुरी भन्किरहेका मिठाईं पसल
घर बिर्साइदिने होटल्नीहरू
भ्रीलके उसपार[3]
कान्छीहरूको माँसाहारी प्यार
प्रवासबाट फर्केका बर्मेलीहरू
भारतबाट छिरेका व्यापारीहरू
गल्लामण्डी
पक्लिहवा
बैङ्करोड
मेरो भैरहवा ।

पञ्चरत्न[4] सिनेमा हल
छोटेबडे दादाहरू
धेरै गुण्डागर्दी
पकेटमारको जग्जगी
देश ठग्न पलकेका तस्कर
जनता ठग्न खप्पिस काला व्यापारी
नियम छल्न सिपालु कर्मचारी
कोही बनेका
कोही बिग्रेका
यस्तै थियो मेरो भैरहवा ।

सपना जस्तै लाग्छ अचेल
निर्माणाधीन विमानस्थल
ठूला फराकिला सडक
सुनौलीको भन्सार
गगनचुम्वी भवन
सपिङ्मल, विजनेश कम्प्लेक्स

---

[3] आजभन्दा चार दशक अघि रेडलाइट एरियाका रूपमा चर्चित हालको देवकोटा चोकदेखि दक्षिण पूर्वको ठाउँ ।

[4] डा. हर्षबहादुर बुडा मगरको पहलमा भू.पू. सैनिकहरूद्वारा सञ्चालित तत्कालीन सिनेमा हल ।

टाइ सुटमा ठाटिएका मान्छे
आधुनिक होटल रेस्टुरेन्ट
कङ्क्रीटको जङ्गल
काँचुली फेर्दैछ यसले
तर पनि म खोजिरहेछु
पिच्च पिच्च पानमा थुकिदै गरेको
हत्केलामा चुनासँग माडिदै गरेको
फुटुङ् टुङ् मादल घन्काइरहेको
रामलिलामा कम्मर मर्काइरहेको
उही पुरानो भैरहवा
प्यारो भैरहवा ।

❖❖

०३/१८/२०१८

# मेरो एउटा साथी

उसले मेरो बारेमा सोधिरहन्छ
स्वास्थ्यको जानकारी मागिरहन्छ
मेरै चिन्ता गरिरहन्छ
मेरो एउटा साथी छ।

कहिल्यै नाफा फाइदाको कुरा गर्दैन
कहिल्यै होच्याएर बोल्दैन
म उसलाई सम्मान गर्छु
ऊ मलाई आदर गर्छ
खुसी साट्छौं मिलेर
दकुख बाँड्छौ मिलेर
एका अर्कामा विश्वास छ
एक आपसमा भरोसा छ
मेरो एउटा साथी छ।

आफ्नो पौरखमा विश्वास गर्छु म
परिश्रममा सफलता खोज्छ ऊ !
कहिल्यै कसैको अहित चिताउन्नौं
कसैको चाकरीमा जाँदैनौं
देशलाई भगवान् ठान्छौं
कर्मलाई पूजा गर्छौं
कसैको नराम्रो गर्दैनौं।

मेरो एउटा साथी छ
ठग्न जान्दैन बरु ठगिन्छ
लुट्न जान्दैन उल्टै लुटिन्छ

परोपकारी छ
परेको बेला निःस्वार्थ सहयोग गर्छ
इमान्दार छ वेइमानी गर्दैन
काममा विश्वास छ
ईश्वरमा निष्ठा छ
आपसमा विश्वास छ
मेरो बेदना बुझ्छ ऊ
मेरा समस्या बुझ्छ ऊ
दुखेका घाउमा मलम लगाउँछ
मेरो पीडामा पिरोलिन्छ
जसले जिउन सिकाउँछ
जीवनबोध गराउँछ
मेरो एउटा साथी छ।

❖❖

# ज्याक्सनहाइट

न्यूयोर्क पुगेपछि
को पुगेन होला र ज्याक्सनहाइट
पहिलेको लिटिल इण्डिया
लिटिल बाङ्गला हुँदै
लिटिल नेपाल भएको छ अचेल
नेपालमा भन्दा बढी
संघ सङ्गठन छन् ज्याक्सनहाइटमा
सबै पार्टीका भातृ सङ्गठन छन् ।

नेपाली अखडा बनेको छ ज्याक्सनहाइट
नियमित कार्यक्रम चलिरहन्छन्
कहिले राजनीतिक भेटघाट
कहिले साहित्यिक गोष्ठी
कतै जातीय गोष्ठी
कतै एनआरएनको तामझाम
के हुँदैन यहाँ
जे पनि हुन्छ
बरू नेपालमा नहोला
सबैथोक हुन्छ यहाँ ।

सम्भ्रान्तहरूको बैठक बस्छ
नेपाली मन्दिर बनाउने निर्णय हुन्छ
चन्दा उठाइन्छ र उठ्छ
कहिल्यै बन्दैन मन्दिर
सुकिला मुकिलाहरूको सम्मेलन हुन्छ
स्रोता भन्दा पदाधिकारी धेरै
दर्शक दीर्घामा भन्दा मञ्चमा धेरै

आसनग्रहण गराइन्छ
फूलमाला लगाइन्छ
खादा ओढाइन्छ
भाषण सुनाइन्छ
ताली ठोकाइन्छ ।

मान्छे सबै ठूलाबडा छन्
असलको कुनै अर्थ छैन
पत्रकारहरूको त कुरै नगरौँ
ठूलै जमघट हुन्छ त्यहाँ
अनलाइन पत्रकारको त के हिसाव
संस्था छन् प्रायः झोलामा
जति भेटिन्छन् प्रायः पदाधिकारी भेटिन्छन्
कार्यकर्ता कोही छैनन्
सबैलाई उछिन्ने हतारो छ
खै के को दौडधूप हो
गन्तव्य कहाँ हो
थाहा छैन र पनि
दौडिरहेछन् मान्छेहरू

फेशन शो जस्ता लाग्छन्
कार्यक्रम र पार्टीहरू ,
रङ्गीविरङ्गी साडी
व्यूटीपार्लरमा रिकण्डिशन सौन्दर्य
शरीरले धान्न मुस्किल गरगहना
आँखै खाईदिने साज शृङ्गार
रेष्टुरेन्टको मोमो
थकाली भान्साको ढिँडो
हिमालयको गान र सेकुवा

त्यसैमा अलिकति मदिराको रमरम
त्यसपछि वस् के चाहियो
गफका महल बन्छन् र भत्कन्छन्
अलिकति राजनीतिका
अलिकति साहित्यका
अलिकति समाज सेवाका ।

मान्छेले मान्छे गन्दैनन्
कमाउन आएका मान्छेहरू
पैसा भन्दा महान् केही  देख्दैनन्
सुखको खोजीमा भौतारिइरहेकाछन् सबै
आफन्त पराइ भन्दैनन्
आफन्तले आफन्त ठग्छन्
पैसाको लागि सबै जायज छ त्यहाँ
लाग्छ एउटा भूलभुलैया हो ज्याक्सनहाइट
ठग्ने र ठगिनेहरूको घनचक्कर हो ज्याक्सन हाइट